नेपाल कानून समाजद्वारा सञ्चालित

# संविधान सूचना केन्द्र

# पहिलो संविधानसभामा सहमति भएका र सहमति हुन बाँकी रहेका संविधानका विषयवस्तुहरूको सङ्क्षिप्त विवरण

# एवम्

# दोस्रो संविधानसभाको गठन र यसले तय गरेको संविधान निर्माणको कार्यविधि

प्रकाशक

नेपाल कानून समाज

Nepal Law Society

## पहिलो संविधानसभामा सहमति भएका र सहमति हुन बाँकी रहेका संविधानका विषयवस्तुहरूको सङ्क्षिप्त विवरण

## एवम्

## दोस्रो संविधानासभाको गठन र यसले तय गरेको संविधान निर्माणको कार्यविधि

### पृष्ठभूमि

संविधान सभाको चार वर्षको कार्यकालमा संविधानका अन्तर्वस्तुका बारेमा संविधानसभाको प्रक्रियामा रहेर औपचारिक अनौपचारिक तवरमा व्यापक छलफल र वहसहरु भए । यसै प्रयोजनको लागि एउटा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक संरचनामा आधारित हुने आधुनिक संविधानमा समावेश गर्नुपर्ने विषयहरूलाई १० वटा विषयगत समिति र एउटा संवैधानिक समितिको कार्यक्षेत्रमा विभाजन गरि अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार गरि संविधानसभामा छलफल गरिएको थियो । त्यहाँ भएका वहस छलफलबाट गरिएका निर्णयहरूबाट संविधानका धेरै विषयमा सहमति भएको र थुप्रै काम भएको पाइन्छ । तलका प्रकरणहरूमा संविधान सभाका विषयगत समितिहरु, पूर्ण सभा र संवैधानिक समितिबाट संविधानका विषयवस्तुहरूमा भएका सहमतिका कुराहरु र सहमति हुन बाँकी विवादित विषयहरु के के हुन् ? भन्ने सम्बन्धमा सबैलाई सरल र सहज रूपमा जानकारी प्राप्त हुन सकोस् भन्ने उद्देश्यले यो विवरण स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

### (क) सहमति भएका विषयवस्तुको विवरण

### १. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्येः-

#### नागरिकता

- अब नेपालमा प्रादेशिक पहिचान सहितको एकल सङ्घीय नागरिकताको व्यवस्था हुने, नागरिकताको प्राप्ति, समाप्तिका सम्बन्धमा सङ्घले कानून बनाएर नियमन गर्ने अधिकार हुने र वंशजको आधारमा नागरिकता प्राप्त हुने व्यवस्था गरिएको छ ।
- लैङ्गिक पहिचान सहितको आमाको नामबाट समेत नागरिकता प्रदान गरिने, प्रथा, परंपरा जस्तै वादी, झुमा र यौन हिंसाबाट जन्मिएका बाबुको पत्ता नलागेका बालबच्चालाई वंशजको आधारमा नागरिकता दिइने, राष्ट्रप्रमुख, सरकार प्रमुख, सुरक्षा अङ्गका प्रमुख जस्ता राज्यका महत्वपूर्ण पदमा नियुक्ति हुन वंशजको आधारमा नागरिकता प्राप्त गरेको हुनपर्ने र सार्क क्षेत्र बाहेकका देशमा बसोबास गर्ने गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रयोग गर्न सकिने गरि अलग्गै गैर-आवासीय नागरिकता प्रदान गर्ने सहमति भएको छ ।
- नागरिकताका सम्बन्धमा वंशजको नागरिकता प्राप्त गर्न आमा र बाबु नेपाली हुनुपर्ने, विदेशी महिलाले नेपाली पुरूषसँग विवाह गरेमा विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नेपाली अङ्गीकृत नागरिकता तत्काल प्राप्त गर्ने, नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरूषले लगातार १५ वर्ष नेपालमा बसोबास गरेपछि अङ्गीकृत नागरिकता पाउने सहमति भएको, तर यसमा पुनः विचार गर्नुपर्ने आवाज उठीरहेको छ ।

#### मौलिक हक

मौलिक हक अन्तर्गत विभिन्न ३१ वटा शीर्षकमा नागरिक र राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा विकास र सामुहिक अधिकारलाई मान्यता दिइएको छः–

- हरेक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने र मृत्युदण्ड दिने गरी कानून नबनाइने प्रत्याभूति दिइएको छ ।
- समानताको हक अन्तर्गत राज्यले र कानूनमा व्यक्तिहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था जस्ता कुनै पनि

आधारमा भेदभाव नगर्ने, लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने, पुर्ख्यौली सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने प्रत्याभूति गरिएको छ ।

- विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, सङ्घ संस्था र दल खोल्ने स्वतन्त्रता, आवतजावत र बसोबास गर्ने स्वतन्त्रता तथा पेशा रोजगार र व्यवसाय गर्न पाउने स्वतन्त्रताको प्रत्याभूति गरिएको छ ।
- कुनैपनि आधारमा छुवाछुत तथा भेदभाव गर्न नपाइने गरेमा दण्ड गरिने भनी छुवाछुत तथा भेदभाव विरूद्धको हक प्रत्याभूत गरिएको छ ।
- विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट प्रकाशन, प्रसारण गर्न पूर्व प्रतिबन्ध नलगाइने, बन्द वा जफत वा दर्ता खारेज नगरिने गरी आम सञ्चारको हक प्रत्याभूति गरिएको छ ।

**उल्लिखित हकका अतिरिक्त अन्य मौलिक हकहरू देहाय बमोजिम हुने सहमति भएको:-**

- पक्राउ परेको २४ घण्टा भित्र अदालतमा उपस्थित गराइने, कानून व्यवसायीसँग परामर्श लिन पाउने, एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा नचलाइने प्रत्याभूति सहितको न्याय सम्बन्धी हक ।
- कारवाहीको सूचना पाउने पुनर्स्थापना र क्षतिपूर्ति सहितको अपराधका पीडितको हक ।
- थुनामा रहेको व्यक्तिलाई कुनै किसिमको यातना नदिइने, यातना विरूद्ध क्षतिपूर्ति सहितको यातना विरूद्धको हक ।
- पर्याप्त आधार विना थुनामा नराखिने, बदनियतपूर्वक राखेमा क्षतिपूर्ति दिइने प्रत्याभूति सहितको निवारक नजरबन्द विरूद्धको हक ।
- सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, अन्य कारोवार गर्ने हक, सार्वजनिक हितको लागि राज्यले जग्गा अधिग्रहण गर्नसक्ने व्यवस्था सहितको सम्पत्ति सम्बन्धी हक ।
- आस्था अनुसारको धर्म अवलम्बन, अभ्यास र संरक्षण गर्न पाउने, धार्मिक गुठीको सञ्चालन गर्ने सहितको धार्मिक स्वतन्त्रताको हक ।
- आफ्नो र सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने सहितको सूचनाको हक ।
- व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र गोप्य रहने प्रत्याभूति सहितको गोपनीयताको हक ।
- धर्म, परम्परा, संस्कार, प्रचलन वा कुनै पनि आधारमा शोषण, दास, बाधा बनाउन वा इच्छा विरूद्ध काममा लगाउन नपाइने प्रत्याभूति सहितको शोषण विरूद्धको हक ।
- स्वच्छ, स्वास्थ, दिगो वातावरणमा बाँच्न पाउने, जलवायु परिवर्तनको दुष्प्रभावबाट सुरक्षित हुन पाउने, प्रदुषण बापत क्षतिपूर्ति पाउने वातावरण सम्बन्धी हक ।
- प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक शिक्षासम्म सबैलाई निःशुल्क, विपन्नवर्गलाई उच्च शिक्षासम्म निःशुल्क, मातृभाषामा शिक्षा पाउने प्रत्याभूति सहितको शिक्षा सम्बन्धी हक ।
- आफ्नो भाषा प्रयोग गर्न पाउने, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक सहितको भाषा तथा संस्कृति सम्बन्धी हक ।
- रोजगारी छनौटको अधिकार, वेरोजगारलाई भत्ता पाउने हक सहितको रोजगारी सम्बन्धी हक ।
- उचित श्रम अभ्यास, उचित पारिश्रमिक, ट्रेडयुनियन खोल्ने प्रत्याभूति सहितको श्रम सम्बन्धी हक ।
- निःशुल्क आधारभूत स्वास्थ्य, प्रजनन हक, समान पहुँच, सूचित सेवा र स्वच्छ खानेपानी सहितको स्वास्थ्य सम्बन्धी हक ।
- खाद्य अधिकार, खाद्य सुरक्षा र सम्प्रभुता सहितको खाद्य सम्बन्धी हक ।
- उपयुक्त वासस्थानमा पहुँच र वासस्थानबाट हटाउने कार्य विरूद्ध सुरक्षा आवास सम्बन्धी हक ।

- समावेशी, अभिभेद, प्रजननको हक, हिंसा विरूद्धको हक र समानुपातिक सहभागिताको प्रत्याभूति सहितको महिला सम्बन्धी हक ।
- जन्मदर्ता, शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, मातृभाषामा शिक्षा, शोषण विरूद्ध प्रत्याभूति बालबालिका सम्बन्धी हक ।
- समानुपातिक सहभागिता, विशेष संरक्षण, क्षतिपूर्ति सहितको विशेषाधिकार, परम्परागत पेशाको सुरक्षा सहितको दलित समुदाय सम्बन्धी हक ।
- दम्पतिको समान हक, पालनपोषण, स्याहार सुसारमा समान दायित्व, विवाहमा स्वतन्त्र सहमति सहित परिवार सम्बन्धी हक ।
- गुणस्तरीय वस्तु र सेवा पाउने, गुणस्तरहीन वस्तु र सेवाबाट पुगेको क्षतिमा क्षतिपूर्ति पाउने प्रत्याभूति रहेको उपभोक्ताको हक ।
- वृद्ध अवस्थामा उचित हेरचाह, सामाजिक सुरक्षा सहितको जेष्ठ नागरिकको हक ।
- समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका सबै संरचना र सार्वजनिक सेवामा सहभागी हुन पाउने हक सहितको सामाजिक न्यायको हक ।
- समाजका कमजोर, विपन्न, असहाय र लोपोन्मुख समुदायलाई सामाजिक सुरक्षाको प्रत्याभूति सहितको सामाजिक सुरक्षा सम्बन्धी हक ।

**न्याय सम्बन्धी हकमा संवैधानिक, राजनीतिक सम्वाद तथा सहमति समितिमा २०७१ भाद्रमा भएका सहमतिः**

- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

  तर यो संविधान जारी भएपछि घटित मानवताविरूद्धको अपराध, युद्ध अपराध र आम नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाँय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।
- मौलिक हक कार्यान्वयनको लागि आवश्यक कानून दुई वर्ष भित्र बनाइने व्यवस्था गरिएको छ ।
- देशको भौगोलिक अखण्डताको रक्षा गर्ने, आफनो हकको उपभोग गर्दा अरूको अधिकारको सम्मान गर्नुपर्ने विषयलाई नागरिकले पालना गर्नुपर्ने कर्तव्यको रूपमा राखिएको छ ।
- राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वैदेशिक उद्देश्यलाई निर्देशक सिद्धान्तमा परिभाषित गर्दै र विषयगत आधारमा नीतिहरूको उल्लेख गरिएको छ ।
- राज्यको नीति कार्यान्वयनको लागि चालिएको कदम र प्राप्त उपलब्धि सहितको प्रतिवेदन सरकारले प्रत्येक वर्ष सङ्घीय व्यवस्थापिका समक्ष पेश गर्नुपर्ने थप व्यवस्था गरिएको छ ।
- नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्ने र मौलिक हक तथा मानव अधिकारको संरक्षण एवं संवर्द्धन गर्ने राज्यको दायित्व हुने नयाँ व्यवस्था प्रस्तुत गरिएको छ ।

**२. संवैधानिक समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरू मध्येः-**

- प्रस्तावनामा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले संविधानसभा मार्फत संविधान निर्माण गरेको घोषणा, विगतका आन्दोलन, शहिदहरूको वलिदान र जनताको त्यागको स्मरण, विगतको पीडाको अन्त्य गर्ने घोषणा, समावेशी लोकतन्त्रका आधारभूत मान्यताको अवलम्बन गरी समाजवादको आधार निर्माण गर्ने र सामाजिक न्याय सुनिश्चित गर्ने विषयलाई प्रस्तावनामा समावेश गरिएको छ । समग्रमा प्रस्तावना लेखनमा नवीनतम मान्यतालाई आत्मसात गरिएको छ ।
- समयकाल अनुसार संविधानमा सम-सामयिक संशोधन गर्ने अधिकार सङ्घको विधायिकालाई हुने तर प्रदेशलाई सरोकार पर्ने विषयमा संविधान संशोधन गर्दा प्रदेशको भूमिकालाई समेत स्वीकार गरिएको छ । जनतामा निहित सार्वभौमसत्ता र गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, आधारभूत मानव अधिकार, प्रेस

स्वतन्त्रता लगायतका विषयलाई प्रतिकूल प्रभाव पार्ने गरि संशोधन गर्न नसकिने भनि संविधानको आधारभूत संरचनाको रूपमा स्थापित गरिएको छ ।

- राजनीतिक दलको नियमित दर्ता र निर्वाचन प्रयोजनको लागि अलग-अलग दर्ताको व्यवस्था गरिनुका साथै राजनीतिक दल दर्ता गर्न वार्षिक लेखा परीक्षण प्रतिवेदनको समेत आवश्यकतापर्ने व्यवस्था गरि दललाई राष्ट्र र जनता प्रति जवाफदेही र पारदर्शी बनाउने प्रयास गरिएको छ । प्रदेशस्तरमा समेत दल खोल्न सकिने व्यवस्था लाई आत्मसात गरिएको छ ।
- सङ्कटकालीन अवस्थाको घोषणा मूलतः सङ्घको अधिकारमा रहने र युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलता सहित प्राकृतिक विपत्ति वा महामारीको कारणले सङ्कट सृजना भए पनि सङ्कटकालको घोषणा हुन सक्ने नयाँ व्यवस्था गरिएको छ । सङ्कटकालमा मर्कापर्नेले क्षतिपूर्ति पाउने र पीडकलाई सजाय हुने नयाँ व्यवस्था राखिएको छ ।
- अहिलेको नेपालको राष्ट्रिय झण्डा यथावत राख्ने, त्यसको व्याख्यालाई परिमार्जन गरिनुपर्ने र कुनै पनि राष्ट्रिय चिन्ह वा प्रतीकलाई संविधानमा नराख्नेकुरामा सहमति भएको छ ।

## ३. अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक-अधिकार संरक्षण समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्ये[#]:-

**अल्पसंख्यक समुदायको परिभाषा यसरी गर्ने**

- अल्पसंख्यक समुदाय भन्नाले कानूनद्वारा निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूहहरूलाई सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाइ राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

**सीमान्तकृत समुदायको परिभाषा यसरी गर्ने**

- सीमान्तकृत समुदाय भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका पछिल्लो मानव विकास सूचकाङ्कको कानूनद्वारा निर्धारित स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सम्झनुपर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदायलाई समेत जनाउँछ ।

**अल्पसंख्यक समुदायलाई प्रदान गर्नुपर्ने अधिकारको सूचीमा देहायका अधिकार रहने:-**

- आफ्नो सरोकार रहेका र आफूलाई प्रभावित पार्ने नीति निर्माणमा सहभागिताको हक,
- सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सीप र प्रविधि सम्बन्धी हक,
- भाषा लिपि धर्म सम्बन्धी हक,
- भूमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक,
- सामाजिक सुरक्षाको हक,
- मातृभाषामा सूचना र सञ्चारको हक,
- राज्यका संरचनामा विशेष प्रतिनिधित्वको हक,
- आफ्नो समुदायको हित र कल्याणका लागि मौलिक संस्कृति र परम्परा संरक्षणको हक ।

[#] यस समितिबाट प्रस्तावित मस्यौदामा अवधारणापत्र र प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययन समितिले परिमार्जन गर्न सिफारिस गरे अनुसार संविधान सभाको बैठकबाट अनुमोदन भएका विषयहरू उल्लेख गरिएको छ ।

**सीमान्तकृत समुदायलाई प्रदान गर्नु पर्ने अधिकारको सूचीमा देहायका अधिकार रहनेः-**

- राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वको हक,
- सार्वजनिक सेवामा आरक्षण एवं उपस्थितिको विशेष हक,
- शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा विशेष अधिकार,
- भूमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक,
- अल्पसङ्ख्यक र सीमान्तकृत समुदायलाई प्रत्याभूत अधिकारको उपभोगबाट परेको प्रभावको नियमित अनुगमन गर्ने जिम्मेवारी एउटा संवैधानिक आयोगलाई सुम्पने ।

## ४. राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्येः-

- नेपालमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको मूल संरचना रहने विषयमा सहमति रहेको र तीनै तहको अधिकारको सूची संविधानमा राखिनुपर्ने सम्बन्धमा विवाद नरहेको ।
- राज्यसत्ता सङ्घ, प्रदेश, स्थानीय तह र विशेष संरचना मार्फत प्रयोग गरिने कुराको सुनिश्चितता गरिएको ।
- प्रदेश, स्थानीय तह र स्वायत्त क्षेत्रमा बसोबास गर्ने सबै आदिवासी जनताको पहिचान, स्व-शासन र स्वायत्तता प्रत्याभूत गरिएको ।
- सङ्घ र प्रदेश बीचको सम्बन्ध, सहकारिता, सह-अस्तित्व र समन्वयका सिद्धान्तमा आधारित हुने ।
- प्रदेशहरु बीच समन्वय हुनुपर्ने विषयहरूमा निर्देशन जारी गर्नसक्ने अधिकार सङ्घलाई प्रदान गरिएको ।
- प्रदेश र सङ्घ बीच उत्पन्न राजनीतिक प्राकृतिका विवादको समाधान अन्तर प्रादेशिक परिषद्को सिफारिसमा सङ्घीय व्यवस्थापिकाबाट हुने व्यवस्था गरिएको ।
- प्रदेश, स्थानीय तह र विशेष सरचना बीचका विवाद सम्बन्धित प्रादेशिक व्यवस्थापिकाबाट समाधान हुने ।
- द्विपक्षीय वा बहुपक्षीय वार्ता, मेलमिलाप, समन्वय वा मध्यस्थता जस्ता विवाद समाधानका वैकल्पिक प्रकृयाहरु पनि अवलम्बन गर्न सकिने कुरामा सहमति हुने ।

**संघको अधिकारको सूची (संविधानको धारा ९ (१) सँग सम्बन्धित)**

*(राज्यको पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समितिको प्रतिवेदनको अनुसूचीबाट उदृत)*

- रक्षा र सेना सम्बन्धी
- केन्द्रीय प्रहरी वल
- केन्द्रीय बैंक, वित्तीय नीति, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण
- केन्द्रीय दुर सञ्चार, रेडियो फ्रिक्वन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक
- भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, राहदानी,
- भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर
- प्राकृतिक श्रोतबाट प्राप्त रोयाल्टी
- केन्द्रीय निजामती सेवा व्यवस्थापन
- केन्द्रीय तथ्याङ्क
- केन्द्रीय स्तरका ठूला विद्युत, सिंचाई र अन्य आयोजनाहरू तथा परियोजनाहरू
- केन्द्रीय विश्वविद्यालय, केन्द्रीय पुस्तकालय
- केन्द्रीय स्वास्थ्य नीति
- संघीय व्यवस्थापिका र संघीय कार्यपालिका सम्बन्धी मामिला

- अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन
- अन्तर्राष्ट्रिय तथा अन्तरराज्य हवाई उड्डयन
- विदेश तथा कुट्नैतिक मामला र संयुक्त राष्ट्र संघ सम्बन्धी
- अन्तर्राष्ट्रिय सन्धि, सुपुर्दगी र अन्तराष्ट्रिय सीमा व्यवस्थापन
- राष्ट्रिय रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन
- राष्ट्रिय गुप्तचर तथा अनुसन्धान
- सर्वोच्च अदालत/संवैधानिक अदालत
- नागरिकता, राहदानी, भिसा, अध्यागमन सम्बन्धी कानून
- आणविक ऊर्जा र अन्तरिक्ष सम्बन्धी
- निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, राष्ट्रिय महिला आयोग, समानुपातिक समावेशी आयोग, दलित आयोग, राष्ट्रिय योजना आयोग र आदिवासी जनजाति आयोग, मधेशी आयोग, अति अल्पसंख्यक, सीमान्तकृत र पिछडिएको क्षेत्र उत्थान आयोग र मुस्लिम आयोगलगायत केन्द्रीय महत्वका आयोगहरू
- युद्ध र प्रतिरक्षा
- हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी
- नाप - तौल
- खानी उत्खनन्
- बीमा नीति
- फौजदारी कानूनको निर्माण
- बौद्धिक सम्पति (पेटेन्ट, डिजाइन, प्रतिलिपी अधिकार समेत)
- संघ, प्रदेश, स्थानीय तह तथा स्वायत्त क्षेत्रको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा संविधान अन्तर्गतका कानूनमा नतोकिएको विषय ।

**अनुसूची – ४**

## प्रदेशको अधिकारको सूची (संविधानको धारा ९ (२) सँग सम्बन्धित)

- प्रादेशिक मूल कानून
- प्रहरी, प्रशासन र शान्ति सुरक्षा
- बैंक तथा वित्तीय संस्था, सहकारी संस्था , केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग
- रेडियो, एफ. एम, टेलिभिजन
- व्यक्तिगत आयकर, सम्पत्ति कर, व्यावसायिक कर, मालपोत,पारश्रमिक कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर,मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर
- प्राकृतिक श्रोतबाट प्राप्त रोयाल्टी
- प्रादेशिक निजामती सेवाको व्यवस्थापन
- प्रादेशिक तथ्याङ्क
- प्रादेशिक स्तरका विद्युत, सिंचाई आयोजना एवं अन्य आयोजना तथा
- परियोजनाहरू
- विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय
- स्वास्थ्य सेवा

- प्रादेशिक व्यवस्थापिका, स्थानीय सरकार सम्बन्धी र विशेष संरचना सम्बन्धी
- अन्तर प्रादेशिक व्यापार
- प्रादेशिक हवाई सेवा
- प्रादेशिक रेल्वे र प्रादेशिक लोकमार्ग
- प्रादेशिक अनुसन्धान व्युरो
- विद्युत आयोजना, सिंचाई आयोजना
- प्रादेशिक अदालत, पारिवारिक अदालत, बाल-अदालत
- नागरिकता र राहदानी व्यवस्थापन
- प्रादेशिक स्तरका आयोगहरू
- भूमि व्यवस्थापन, जग्गाको अभिलेख र मालपोत निर्धारण
- खानी अन्वेषण र व्यवस्थापन
- वीमा व्यवस्थापन र संचालन
- भाषा, संस्कृति, लिपि र धर्मको संरक्षण र प्रयोग
- प्रदेश भित्रको वन जङ्गल,जल उपयोग
- कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकरण, व्यापार व्यवसाय,
- यातायात, अल्कोहलिक पदार्थ उत्पादन, निर्माण खरिद विक्रि
- पुस्तक तथा छापाखाना
- गुठी व्यवस्थापन

**अनुसूची – ५**

## साझा अधिकारको सूची (संविधानको धारा ९ (३) सँग सम्बन्धित)

- फौजदारी, देवानी कार्यविधि, प्रमाण, शपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक एवं प्रक्रिया)
- आवश्यक वस्तुको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन
- राज्यको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था
- एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण
- पारिवारिक मामला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून
- सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना
- करार, साझेदारी र एजेन्सी सम्बन्धी
- टाट पल्टेको र दामासाही सम्बन्धी (Bankruptcy and insolvency)
- औषधि र विषादि
- आर्थिक र सामाजिक योजना, परिवार नियोजन र जनसंख्यानियन्त्रण
- सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक र मजदुरका हक अधिकार र विवाद सम्बन्धी कार्य
- चिकित्सा, कानूनी र अन्य पेशाहरू
- घटना तथ्याङ्क जन्म मृत्यु दर्ता
- जलमार्ग

- संचार माध्यम सम्बन्धी
- पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण सम्बन्धी
- उद्योग तथा खनिज र भौतिक पूर्वाधार
- क्यासिनो, चिठ्ठा, सवारी साधन अनुमति
- अग्नि तथा प्राकृतिक प्रकोप नियन्त्रण र राहत तथा पुनर्निर्माण
- पर्यटन, खानेपानी तथा सरसफाई
- चलचित्र, सिनेमा हल सम्बन्धी
- वीमा
- गरीबी निवारण र औद्योगिकरण
- वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास
- अन्तरप्रादेशिक स्र्पमा फैलिएको जङ्गल, जङ्गली जनावर, चराचुरूङ्गी,
- हिमाल, राष्ट्रिय निकुञ्ज तथा जल उपयोग
- राष्ट्रिय तथा अन्तरप्रादेशिक पर्यावरण व्यवस्थापन
- भूमि नीति

**अनुसूची – ६**

## स्थानीय तहको अधिकारको सूची (संविधानको धारा ९ (५) सँग सम्बन्धित)

- नगर प्रहरी, सामुदायिक प्रहरी
- सहकारी संस्था
- एफ. एम संचालन
- स्थानीय कर (सम्पत्ती, घर बहाल, सवारी साधन कर आदि), सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, मालपोत तिरो प्राकृतिक श्रोतबाट प्राप्त रोयाल्टी
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
- प्राथमिक र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन
- स्थानीय सडक/ग्रामीण सडक/कृषि सडक
- स्थानीय अदालत, मेलमिलाप र मध्यस्थता
- नागरिकता, राहदानी वितरण र अभिलेख व्यवस्थापन
- घर जग्गा धनी पूर्जा वितरण
- कृषि तथा पशुपालन
- वृद्ध, वृद्धा, अपाङ्ग, महिला, एकल महिला र अशक्तहरूको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
- जन्म मृत्यु लगायतका व्यक्तिगत घटना दर्ता

अनुसूची – ७

**विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायत्त क्षेत्रको अधिकारको सूची (संविधानको धारा ९ (७) सँग सम्बन्धित)**

- प्रहरी
- सहकारी संस्था
- एफ.एम रेडियो व्यवस्थापन, संचालन र टेलिभिजन
- प्राथमिक, माध्यमिक शिक्षा, पुस्तकालय र संग्रहालय
- स्वास्थ्य सेवा
- स्वायत्त निर्वाचित परिषद
- सम्पत्ति कर, व्यावसायिक कर, घर जग्गा रजिष्ट्रेशन कर, सवारीसाधन कर, मनोरञ्जन कर, पर्यटन सेवा शुल्क, मालपोत, पारिश्रमिकर कृषि आयकर
- प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी
- सडक
- विद्युत आयोजना, सिंचाई आयोजना र अन्य विकास योजनाहरू
- नागरिकता/ राहदानी व्यवस्थापन
- जग्गा अभिलेख/घर जग्गाधनी पूर्जा
- खानी अन्वेषण र व्यवस्थापन
- भाषा, संस्कृति, लिपि र धर्मको संरक्षण
- प्राकृतिक स्रोत साधन र तिनको उपयोग
- कृषि, पशु विकास, व्यापार व्यवसाय
- सेवा व्यवस्थापन
- तथ्याङ्क र अभिलेख सङ्कलन
- अदालत
- प्रादेशिक सरकारले तोके बमोजिमका अन्य अधिकारहरू

**५. व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्येः–**

- राष्ट्रप्रमुख, प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुने । जसलाई व्यवस्थापिका-संसद भनिनेछ ।
- प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेसी, थारू, उत्पीडित जाति, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएको वर्ग, क्षेत्र, अल्पसङ्ख्यक समुदाय समेतबाट प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिने व्यवस्था गरिएको ।
- समानुपातिक निर्वाचनबाट निर्वाचित हुने सदस्यहरूका सम्बन्धमा सबै वर्ग, क्षेत्र, लिङ्ग, जाति, भाषा, धर्म, संस्कृति आदिको न्यायोचित प्रतिनिधित्व सम्बन्धी व्यवस्था र त्यसका आधार तथा क्षेत्र निर्धारण सम्बन्धी व्यवस्था कानूनद्वारा गरिने व्यवस्था गरिएको छ । प्रतिनिधि सभाको कार्यकाल पाँच वर्ष कायम गरिएको ।
- राष्ट्रियसभा एक स्थायी सदन हुने र यसको पदावधि छ वर्षको हुने ।
- प्रदेश-व्यवस्थापिका एक सदनात्मक हुनेछ । प्रदेशप्रमुख सहितको यो व्यवस्थापिकालाई प्रदेशसभा भनिने छ । प्रदेशहरूको व्यवस्थापिकीय अधिकार प्रदेश सभामा निहित रहनेछ ।

- प्रतिनिधि-सभा र प्रदेश-सभामा निर्वाचित हुने जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरूको प्रतिनिधित्व महिलाबाट हुनेगरि कानूनद्वारा व्यवस्था गरिने प्रत्याभूति गरिएको ।
- प्रतिनिधि-सभा, राष्ट्रिय-सभा र प्रदेश-सभा प्रत्येकमा सभामुख र उप-सभामुख मध्ये एकजना महिला हुनुपर्ने व्यवस्था रहेको ।

## ६. राज्यको शासकीय स्वरूप निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्येः-

- सङ्घ, प्रदेश तथा स्थानीय गरि तीन तहको शासकीय संरचनाको परिकल्पना गरिएको, प्रदेश र स्थानीय तहको कार्यपालिका गठन र अधिकारको बाँडफाँडमा सहमति ।
- प्रदेशको कार्यकारीणी अधिकार प्रदेशको मन्त्रिपरिषदमा रहने, प्रदेश सभामा बहुमत प्राप्त गरेको व्यक्तिलाई प्रदेश प्रमुखले प्रदेशको मुख्यमन्त्रीमा नियुक्ति गर्ने र मुख्यमन्त्रीले मन्त्रिपरिषद गठन गर्ने व्यवस्था रहेको ।
- प्रदेशको मन्त्रिमण्डलमा प्रदेशसभाको कूल संख्याको २० प्रतिशत सम्मको संख्यामा मन्त्रीहरु रहने ।
- सङ्घीय सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहने उसको नियुक्ति राष्ट्रपतिबाट हुने ।
- स्थानीय तहमा कार्यकारी संयन्त्रको व्यवस्था गरिएको, जनताबाट निर्वाचित अध्यक्षको अध्यक्षतामा सम्बन्धित तहका विधायिकी अङ्गका सदस्यबाट गाउँ विकास समिति, नगरपालिका र महानगरपालिकाको कार्यकारीणी गठन हुने ।

## ७. न्यायप्रणाली सम्बन्धी समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरू मध्येः-

**नेपालमा एकीकृत प्रकृतिको न्यायपालिका रहने जसमा देहाय वमोजिम तीन तहका अदालतहरू रहनेछन्ः—**

(क) सर्वोच्च अदालत, (ख) उच्च अदालत र (ग) जिल्ला/स्थानीय अदालत

- प्रादेशिक कानूनद्वारा व्यवस्था भए बमोजिम आवश्यकता अनुसार इलाका, नगर वा गाउँस्तरीय अदालत/न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायद्वारा विवाद समाधान गर्ने निकाय गठन गर्न सकिने, जिल्ला/स्थानीय अदालतमा छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत/न्यायिक निकाय गठन गर्न सकिने ।
- सर्वोच्च अदालत अभिलेख अदालत हुने । मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार, प्रदेश सरकार तथा सबै अड्डा अदालतले मान्नुपर्ने व्यवस्था गरिएको ।
- सबै प्रकारका रिटहरु हेर्ने असाधारण अधिकार, प्रदेश उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दाको पुनरावेदन सुन्ने, आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने तथा साधक जाँच्ने अधिकार सर्वोच्च अदालतमा रहने ।
- नेपालका हरेक प्रान्तमा एक उच्च अदालत रहने ।
- योग्यता र क्षमताका आधारमा समानुपातिक र समावेशी सिद्धान्तको आधारमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम लगायत पिछडिएका समुदायको प्रतिनिधित्व हुनुपर्ने गरि न्यायाधीश नियुक्तिको व्यवस्था गरिएको ।
- सरकारको मुख्य कानुनी सल्लाहकारको रूपमा रहने महान्यायाधिवक्ता र अभियोजनको कार्यमा केन्द्रित रहेर काम गर्ने महाअभियोजनकर्ताको अलग्गै व्यवस्था गरिएको ।

## ८. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्येः-

- सङ्घ, प्रदेश र स्थानीय तह सहित ३ तहको राज्य-संरचनामा आधारित भई आर्थिक अधिकारको बाँडफाँड गरेर सूची प्रस्तावित गरिएको ।
- आर्थिक अधिकारको सूचीमा अस्पष्ट भएका विषयमा सङ्घीय कानूनले स्पष्ट गर्न सक्ने ।
- देशमा उपलब्ध प्राकृतिक स्रोतको समन्यायिक उपयोग गरिने र त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गरिने । प्राकृतिक स्रोतको उपयोगका सम्बन्धमा विवाद उत्पन्न हुन नदिन आवश्यक उपायको कार्यान्वयन गर्नको लागि समेत संवैधानिक निकायको रूपमा विशेषज्ञहरु रहेको प्राकृतिक स्रोत आयोगको व्यवस्था गरिएको ।
- राष्ट्रिय सर्वसञ्चित कोषबाट सङ्घीय, प्रादेशिक र स्थानीय सरकार बीच राजश्वको बाँडफाँड गर्ने आधार र संयन्त्र तयार गर्न तथा प्रदेश र स्थानीय तहलाई समानीकरण अनुदानको सिफारिस गर्न राष्ट्रिय वित्तीय आयोगको व्यवस्था गरिएको ।
- एक प्रदेश वा स्थानीय सरकारको क्षेत्रबाट अर्को प्रदेश वा स्थानीय सरकारको क्षेत्रमा मालसामानको आयात निर्यातमा कुनै अवरोध गर्न नपाइने संवैधानिक प्रत्याभूति प्रदान गरिएको ।
- प्रदेश सरकार र स्थानीय सरकारको छुट्टा-छुट्टै सञ्चित कोष र बजेट प्रणाली हुने व्यवस्था राखिएको ।

## ९. संवैधानिक निकाय-संरचना निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्येः-

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, मानवअधिकार आयोगलाई संवैधानिक निकायको रूपमा यथावत राखी महालेखापरीक्षकलाई लेखापरीक्षण आयोगको रूपमा रूपान्तरण गरिएको ।
- समितिबाट संवैधानिक निकायका रूपमा महिला आयोग, दलित आयोग, आदिवासी/जनजाति आयोग, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग, मधेसी आयोग र मुस्लिम आयोग समेतलाई प्रस्ताव गरिएकोमा अलग-अलग आयोग बनाउने वा छाता आयोगको व्यवस्था गर्ने निर्णय गर्न बाँकी ।
- संवैधानिक निकायका पदाधिकारीको नियुक्ति समानुपातिक समावेशी सिद्धान्तको आधारमा गरिनुपर्ने व्यवस्था गरिएको ।
- हरेक प्रदेशमा लोकसेवा आयोगको व्यवस्था गरिने र अन्य संवैधानिक निकायहरूको पनि प्रादेशिक कार्यालय रहने व्यवस्था गरिएको ।

## १०. राष्ट्रिय हित-संरक्षण समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्येः-

- सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता, लोकतान्त्रिक व्यवस्था, समानुपातिक र समावेशी सहभागिता, विकास र समानतालाई राष्ट्रिय हितका आधारभूत अन्तरवस्तुको रूपमा स्वीकार गरिएको र राष्ट्रिय हित विपरितको कार्य दण्डनीय हुने ।
- नेपाली सेना, नेपाल प्रहरी, अर्धसैनिक बल र राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी आधारभूत व्यवस्था संविधानमा गर्दै तिनीहरूको सञ्चालन लोकतान्त्रिक तवरले गर्ने प्रत्याभूति गरिएको ।
- नेपालको सीमाना व्यवस्थापन गर्ने दायित्व नेपाल सरकारको हुने व्यवस्था रहेको ।
- परराष्ट्र सम्बन्धको सञ्चालन सङ्घको अधिकार क्षेत्रमा रहने, सरकारले राष्ट्रिय आवश्यकता र जनचाहना बमोजिम सन्धि सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको ।

११. **सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गतका विषयहरूमध्ये:-**

- नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुने र
- केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा बहुभाषिक नीतिको आधारमा हुने र हाललाई देवनागरी लिपिको नेपाली भाषा कायम रहने ।
- भविष्यमा भाषा आयोगको सिफारिसमा केन्द्रिय विधायिकाले पारित गरेमा अन्य भाषा पनि सरकारी कामकाजको भाषा हुन सक्ने ।
- प्रदेशको सरकारी कामकाजको भाषा बहुभाषिक हुने सुनिश्चितता गरिएको, नेपाली भाषाको अतिरिक्त सम्बन्धित प्रदेशमा बढी प्रचलनमा रहेको थप एक भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा बनाउन सकिने ।
- केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा अदालती काम कारवाहीको भाषा हुने ।
- एउटा स्थायी प्रकृतिको भाषा आयोग स्थापना गरिने ।

## (ख) सहमति हुन नसकेका विषयहरूको विवरण

संविधान सभाको कार्यकालका अन्तिम दिनहरूमा संविधानका विवादित विषयहरूलाई सहमतिमा टुङ्गो लगाई संविधान निर्माण गर्ने वारेमा प्रमुख राजनीतिक शक्तिहरूका बीच लगातार रूपमा घनीभूत तवरले वार्ता र छलफल भएका थिए । यस क्रममा संविधानका विवादित मूलभूत प्रश्नहरूमा सहमति भएका खबरहरु पनि सार्वजनिक भइरहेका थिए । यस बीचमा २०६९ जेष्ठ २ गते संविधानका सवै विवादित विषयहरूमा सहमति भएको कुरा पनि सार्वजनिक भएको थियो । तर त्यसरी सहमति भएको विषय संवैधानिक समितिमा पेश भई सो मार्फत संविधान सभामा औपचारिक रूपमा अनुमोदनको लागि पेश भएन र दलहरु बीचमा सहमति भएका भनिएका विषयहरूमा समेत विवाद कायमै रहन पुग्यो । यसरी दलहरु बीचमा पुनःविवाद शुरू भई अन्ततः संविधान निर्माण नगरी संविधान सभा विघटन हुन गयो । औपचारिक रूपमा सहमति हुन नसकेका संविधानका विवादित मूलभूत विषयहरु देहाय वमोजिम रहेका थिए:—

१. **राज्य-पुनर्संरचनासँग सम्बन्धित विषयहरू:-**

- सङ्घीय नेपालको मूल संरचना सङ्घ, प्रदेश, स्थानीय गरी तीन तहमात्र हुने वा विशेष संरचना अन्तर्गत स्वायत्त क्षेत्र संरक्षित क्षेत्र र विशेष क्षेत्र पनि रहने ?
- विशेष संरचना अन्तर्गत स्वायत्त क्षेत्र संरक्षित क्षेत्र र विशेष क्षेत्र पनि रहने भएमा तिनको निर्माण कसरी हुने ? यी संरचना अन्तर्गतका निकायको निर्माण कसरी गर्ने ? विशेष संरचनालाई हुने अधिकार प्रयोगको संयन्त्र कस्तो हुने ? विशेष संरचना प्रदेश कसको मातहतमा हुने वा नहुने ?
- राज्य-पुनर्संरचना गर्दा प्रदेशको संख्या, नामाकरण र सीमाङ्कनको विषय के कसरी टुङ्गो लगाउने ? प्रदेशहरु कुन आधारमा कति बनाउने ?
- प्रदेशको नाम हेरफेर गर्ने, प्रदेश गाभिने र नयाँ प्रदेशको निर्माण गर्ने सम्बन्धमा कस्तो व्यवस्था गर्ने ?
- स्थानीय तह अन्तर्गत गाउँपालिका र नगरपालिका मात्र रहने वा जिल्ला पनि रहने ?
- स्थानीय तहको पुनर्संरचना कसरी, कुन आधारमा के मापदण्ड अपनाएर गर्ने ?
- राजनीतिक अग्राधिकारको विषय र आत्म निर्णयको अधिकारको विषयलाई कसरी संबोधन गर्ने ?

## २. शासकीय स्वरूप र निर्वाचन प्रणालीसँग सम्बन्धित विषयहरू:-

- केन्द्रको शासन प्रणाली के कस्तो हुने ?
- केन्द्रको मन्त्रिपरिषद गठन के कसरी हुने ?
- केन्द्र र प्रदेशको विधायिकाको निर्वाचन प्रणाली के हुने ?
- प्रतिनिधि सभा राष्ट्रिय सभा र प्रदेश सभामा कति सदस्य हुने ?
- सबै तहका विधायिकामा विभिन्न समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्व कसरी गराउने ?

## ३. न्याय प्रणालीसँग सम्बन्धित विषयहरू:-

- संविधानको व्याख्या, केन्द्र र प्रदेश तथा प्रदेश-प्रदेश बीचका विवाद हेर्न अलग्गै संवैधानिक अदालतको व्यवस्था गर्ने वा नगर्ने ?
- न्यायाधीशको नियुक्ति के कसरी गर्ने ?
- न्यायाधीशको पुर्ननियुक्ति हुने वा नहुने ?
- सर्वोच्च अदालतका प्रधानन्यायाधीशको नियुक्ति सर्वोच्च अदालतका न्यायाधीशहरु मध्येबाट मात्र गर्ने वा योग्यता पुगेको मध्ये बाहिरबाट पनि गर्न सकिने ?
- उच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र बर्खास्तगी प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा न्यायपरिषद जस्तो केन्द्रिय संयन्त्रबाट हुने ?
- उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरूको सरूवा देश भरी हुने वा प्रदेशमा मात्र हुने ?

## ४. नागरिकतासँग सम्बन्धित विषयहरू:-

- वंशजको आधारमा नागकिता प्राप्त गर्न आमा र बाबु दुबै नेपाली नागरिक हुनुपर्ने अथवा आमा वा बाबु मध्ये एक नेपाली नागरिक भए हुने ?
- विदेशी महिलाले नेपाली पुरूषसँग विवाह गरेमा विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नेपाली अङ्गीकृत नागरिकता तत्काल प्राप्त गर्ने वा नगर्ने ?
- यदि नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरेमा उनको पतिले नागरिकता पाउन कम्तिमा १५ वर्ष नेपालमा बस्नुपर्ने वा नपर्ने ?
- अङ्गीकृत नागरिक महिला तथा पुरूष सबैले सार्वजनिक महत्वको पदमा निर्वाचित, मनोनयन वा नियुक्त हुन १० वर्ष नेपालमा बसिसकेको हुनुपर्ने वा नपर्ने ?

## ५. मौलिक हक र विविध विषयहरू:-

- युद्ध अपराध, जातीय नरसंहार, गम्भीर प्रकृतिका मानवता विरोधी अपराधमा सजाय गर्न भूत प्रभावी कानून बनाउने अधिकार संसदलाई हुने वा नहुने ?
- समग्र सम्पत्तिको अथवा जग्गाको हदबन्दी संविधानमा तोक्ने कि नतोक्ने ?
- हदबन्दी भन्दा बढी जग्गा राज्यले अधिग्रहण गर्दा क्षतिपूर्ति दिने कि नदिने ?
- प्रस्तावनामा लेखिने विभिन्न शब्दावलीसँग सम्बन्धित विषयहरु जस्तोः जनयुद्ध, जनताको... आदि
- संविधानको असंशोधनीयतासँग सम्बन्धित विषयहरु ?
- हाल कायम रहेका संवैधानिक आयोग बाहेक थप कुन-कुन आयोगहरूलाई संवैधानिक बनाउने ?

## (ग) संविधान निर्माणका क्रममा विवादित उल्लिखित आधारभूत विषयमा सहमति कायम गर्ने प्रयास स्वरूप राजनीतिक दलहरू बीच पहिलो र दोश्रो संविधानसभामा समेत विभिन्न समयमा र विभिन्न विषयमा भएका राजनीतिक वार्ताहरूको क्रममा सार्वजनिक भएका सहमति नजिक पुगेका प्रस्ताव र विकल्पहरूको सङ्क्षिप्त विश्लेषणः-

संविधान निर्माणका क्रममा पहिलो संविधानसभामा विभिन्न समिति तहबाट उत्पन्न भएका विवादहरूलाई समाधान गर्नको लागि संविधानसभाले विभिन्न प्रक्रिया, संयन्त्र, औपचारिक तथा अनौपचारिक सबै आवश्यक उपायको अवलम्बन गरेको देखिन्छ । संविधानसभामा छलफल, सभाले विवाद समाधानमा सहयोग गर्न बनाएको १५ सदस्यीय प्रतिवेदन अध्ययन समिति, सभाध्यक्षको अग्रसरतामा बसेको २७ दलका संसदीय दलका नेताहरूको संयन्त्र, उच्चस्तरीय कार्यदल, संवैधानिक समिति, विवाद समाधान उपसमिति तथा विवाद समाधान उपसमितिले गठन गरेको कार्यदल जस्ता संविधानसभा भित्रका संयन्त्रहरु र राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोग एवं राजनीतिक दलका शीर्ष नेताहरूको अनौपचारिक राजनीतिक बैठक जस्ता संविधानसभा बाहिरका संयन्त्रहरूमा समेत निरन्तर रूपमा घनिभूत छलफल हुँदा विवादका सबै पक्ष, विवादको प्रकृति, विवादको दायरा र गहिराई छर्लङ्ग भएको छ भने विवादहरु साँघुरिएका पनि छन् र विवाद समाधानको सम्भावित विकल्प तर्फ पनि व्यापक सङ्केतहरु मिलेका छन् । तसर्थ विवादित बुँदाहरु माथि भएको छलफलको विकास र त्यसबाट विवादित विषयले प्राप्त गरेको नयाँ आयाम र स्वरूप प्रष्ट पार्न यो खण्डमा सङ्क्षिप्त विवेचना गरिएको छः-

### प्रदेश निर्माणका आधार सम्बन्धी

नेपालको संविधान निर्माणमा सर्वाधिक महत्वपूर्ण र जटिल विषयको रूपमा राज्यको पुनर्संरचना रहेको देखिन्छ । नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा पुनर्संरचना गर्ने प्रतिबद्धता रहेको सन्दर्भमा संविधानसभाले सङ्घीय स्वरूपको निर्माण गर्नको लागि एउटा अलग्गै समितिको व्यवस्था गरेको थियो । उक्त राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले प्रदेशको निर्माणको आधारहरूमा पहिचान र सामर्थ्यलाई अघि सारेको थियो । पहिचानको आधार अन्तर्गत जातीय/समुदाय, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता एवं ऐतिहासिक निरन्तरतालाई राखिएको हो भने सामर्थ्यको आधार अन्तर्गत आर्थिक अन्तर सम्बन्ध र सामर्थता, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमतालाई लिइएको छ । सैद्धान्तिक रूपमा यी आधारहरु प्रति सबैको सहमति रहे पनि राज्यको पुनर्संरचना समितिले प्रदेश निर्माणको सन्दर्भमा पहिचानलाई प्राथमिक आधारको रूपमा लिएको र त्यसले सङ्घीय नेपाल अन्तर्गत १४ वटा प्रदेश निर्माण गर्ने र ती मध्ये लिम्बुवान, किराँत, ताम्सालिङ, तमुवान, नेवा, जडान, मगरात, मिथिला-भोजपुरा-कोच-मधेश, शेर्पा र लुम्बिनी-अवध-थारूवान गरी १० वटा प्रदेशको निर्माण र नामाकरण पहिचानको आधारमा गरिएको देखिन्छ भने सुनकोशी, नारायणी, कर्णाली, खप्तड प्रदेशको नाम सर्वनिरपेक्ष भौगोलिक आधारमा राखेको पाइन्छ । संविधानसभामा केही दलहरूले समितिको प्रस्तावलाई जातीय आधारमा गरिएको सङ्घीय संरचना भनी बुझेको कारणले प्रारम्भ देखिनै उक्त समितिको प्रतिवेदन माथि विवाद् शुरू भयो । समितिको प्रतिवेदनले तयार गरेको प्रस्तावको पक्षमा रहेका दलहरूले यसलाई जातको आधारमा नभई जातीय, भाषिक र सांस्कृतिक पहिचानको आधारमा भौगोलिक नामाकरण नै गरेको भन्ने विचार प्रस्तुत गरेको पाइन्छ ।

समितिको प्रतिवेदन र प्रदेशको सङ्ख्या तथा नामाकरण सम्बन्धमा कायम विवादलाई समितिमा टुङ्गो लगाउन मद्दत पुगोस् भन्ने उद्देश्यले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ बमोजिम राज्यको पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको गठन नेपाल सरकारबाट भयो । उक्त आयोगले पनि सहमतिको लागि नयाँ आधार र प्रस्तावको रचना गर्न सकेन ।

प्रतिवेदन दिंदा आफै विभाजित हुन पुगेको उक्त आयोगको बहुमतले १० भौगोलिक र एक गैर भौगोलिक दलित राज्यमा विभाजन गर्ने सुझाव दियो भने ३ जना सदस्यको अल्पमतले राष्ट्रिय एकता र आर्थिक समृद्धि प्राप्तिलाई मुख्य उद्देश्य भन्दै ६ वटा स्वायत्त प्रदेश रहने, नाम स्थानीय व्यवस्थापिका वा प्रदेशसभाले चयन गर्न उपयुक्त हुने सुझाव दियो । आयोगको बहुमतले निर्माण गरेको १० भौगोलिक प्रदेशमा लिम्बुवान, किराँत, तामसालिङ्ग, मधेश मिथिला-भोजपुरा, नेवा, नारायणी, तमुवान, मगरात, कर्णाली-खप्तड र मधेश अवध-थारूवान कायम गरिएको छ भने समितिले निर्माण गरेका शेर्पा, सुनकोशी, जडान र खप्तड प्रदेशको सामर्थता नरहेकोले छुट्टै प्रदेशको रूपमा रहन नसक्ने भनिएको छ । आयोगको प्रतिवेदन प्राप्ति पछि पनि संविधानसभामा रहेको प्रदेशको निर्माण सम्बन्धी विवादले कुनै नयाँ आयाम पाउन सकेन । यथावत नै रहेको थियो । यति हुँदाहुँदै पनि राज्य पुनर्संरचना आयोगले प्रदेश

निर्माण गर्दा एक प्रतिशत भन्दा माथि रहेको जातीय जनसंख्या भएको समुदायका हकमा प्रदेश र सो भन्दा कम जनसंख्या रहेकाको हकमा विशेष क्षेत्र स्वायत्त क्षेत्र र संरक्षित षेत्र दिने भन्ने कुरामा भने सहमति कायम गरेको थियो ।

संविधान निर्माणसँग घनिष्ट रूपमा गाँसिएको शान्ति प्रक्रियाका महत्वपूर्ण कामहरु २०६८।१२।२८ मा सहमति भएपछि राजनीतिक दलका नेताहरु संविधान निर्माणका निकै जटिल र पेचीला विषय मानिएका प्रदेशको निर्माण र शासकीय स्वरूप जस्ता विषयमा केन्द्रित भई सहमति निर्माणमा जुटेको अवस्था थियो । संविधानसभा बाहिर राजनीति तहमा हात्तीवन रिसोर्ट, गोकर्ण रिसोर्ट सेना समायोजन विशेष समितिको कार्यालय नया वानेश्वर नेताहरूका नीजि निवास हुँदै सिंहदरवारमा भएका निरन्तर वार्ता र छलफलबाट सङ्घीयतासँग सम्बन्धित विवादहरु पनि सहमति नजीक पुगेको देखिन्छ । २०६९।२।२ मा बालुवाटारमा भएको तीन प्रमुख राजनीतिक दलका शीर्ष नेता बीच भएको छलफलबाट देहाय बमोजिमको सहमति भएको थियो "प्रदेशहरु एघारवटा हुने, हाल नाम प्रस्ताव नगर्ने, प्रदेशहरूको सीमाङ्कन नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश बन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयको समाधान गर्न केन्द्रीय सङ्घीय आयोगको गठन गर्ने, आयोगले गरेको सिफारिसको आधारमा अन्तिम निर्णय संसदले लिने नामाङ्कनका सन्दर्भमा प्रदेशसभाले गरेको निर्णय अन्तिम हुने, नेपालका सबै प्रदेशहरु बहुजातीय हुनेछन्, प्रदेशहरूमा सबै जाति जनजाति, धर्म, भाषा, संस्कृतिका सबै नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार समान रहने तथा प्रत्येक नागरिकको मौलिक एवं मानव अधिकारको सम्मान तथा रक्षा गर्नु केन्द्र, प्रदेश तथा स्थानीय सरकारको दायित्व हुने छ" भन्ने व्यहोरा उल्लेख रहेको थियो । उक्त सहमतिको साथमा शासकीय स्वरूप, न्याय प्रणाली, निर्वाचन प्रणाली र व्यवस्थापिका संसदसँग सम्बन्धित विषयमा पनि महत्वपूर्ण सहमति भएका थिए । सो सहमतिलाई राजनीतिक दलहरूद्धारा गठित कार्यदललाई जिम्मा दिई उक्त सहमति वमोजिमको संवैधानिक मस्यौदामा रूपान्तरण पनि गरिएको थियो र सो मस्यौदालाई विवाद समाधान उपसमितिको वैठकले ग्रहण गरेको अवस्था थियो । अरू विषयका सहमतिमा ठोस रूपमा कुनै असहमतिको आवाज नउठेको भए पनि सङ्घीयतासँग सम्बन्धित उक्त सहमति प्रति मूलतः मधेश केन्द्रित दल र सदस्यहरु, आदिवासी जनजाति समुदायसँग सम्बन्धित माननीय सदस्यहरूले आपत्ति प्रकट गरेपछि दलहरु उक्त सहमतिमा अड्न सकेनन्, उक्त सहमति अनुमोदनको लागि विवाद समाधान उपसमितिबाट संवैधानिक समिति र संविधानसभामा पेश नै हुन सकेन, सर्वोच्च अदालतले तोकिदिएको म्याद आयो संविधानसभाको म्याद थप गर्न संविधान संशोधनको विधेयक संविधानसभामा पेश भएर पनि सो विधेयक अघि बढन सकेन । अन्ततः संविधान विना नै संविधानसभाको अवसान भएको थियो ।

## एकल जातीय पहिचान र बहुजातीय पहिचानको नयाँ शब्दावलीको सृजना

सङ्घीयताको प्रारूप निर्माण गर्ने, प्रदेशको निर्माणसँग सम्बन्धित संविधानसभा भित्र भएका छलफलहरूमा पहिचान र सामर्थ्यका आधारका बारेमा निकै छलफल भए, सैद्धान्तिक रूपमा आम सहमति पनि भयो तर पहिचानलाई परिभाषित गर्ने, यसलाई पहिलो प्राथमिक आधार बनाउने वा नबनाउने भन्ने कुरामा भने दलहरु बीच गहिरो विवाद कायम थियो । समिति तहको छलफल र राज्य पुनर्संरचना सुझाव आयोगमा भएको छलफल र त्यसको प्रतिवेदन समेतमा पनि एकल जातीय र बहुजातीय पहिचानको प्रसङ्ग वा शब्दावली प्रयोग भएको पाइदैन । छलफलको पछिल्लो चरणमा खास गरी राजनीतिक दलका शीर्ष नेता बीच भएका वार्ता र छलफलका क्रममा यी दुई शब्दावलीहरु निकै प्रयोग भएको र विवादले नयाँ मोड लिएको जस्तो देखिएको छ ।

राज्यको पुनर्संरचना समिति र आयोगको बहुमतले पहिचानलाई पहिलो प्राथमिकतामा राखी प्रस्ताव गरेका लिम्बुवान, किराँत, ताम्सालिङ, नेवा, मगरात, तमुवान सहितका प्रदेशलाई प्रारम्भमा जातीय आधारका सङ्घीय प्रदेश भनि आलेचना भएको थियो । त्यसलाई पछि आएर एकल जातीय पहिचानमा आधारित प्रदेश भनिएको छ । यो प्रस्तावको समर्थनमा रहेका राजनीतिक शक्तिहरु सबै प्रदेश बहुजातीय हुने नै हो, नामाकरण पनि एउटा जातिलाई मात्र केन्द्रमा राखेर गरिएको होइन, ऐतिहासिक, सांस्कृतिक र भौगोलिक आधारमा नामाकरण गरिएको हो, उल्लिखित नामहरु एकल जातीय नाम होइनन्, भौगोलिक क्षेत्र कै नाम हो, विगतमा उत्पीडित, उपेक्षित अवस्थामा र अधिनस्थ समूहको रूपमा रहेकोले पहिचानको लागि त्यस्तो नामाकरण आवश्यक छ भन्ने तर्कहरु उक्त पक्षबाट आएको देखिन्छ ।

अर्को तर्फ २०६९ जेठ २ गते तीन प्रमुख राजनीतिक दल बीच भएको सङ्घीयतासँग सम्बन्धित सहमतिको बुँदामा सबै प्रदेशहरु बहुजातीय हुने छन् भन्ने व्यहोरा समेत परेकोले त्यसको सेरोफेरोमा बहुजातीय पहिचानको शब्दावलीको निकै प्रयोग भएको देखिन्छ । नेपाल भित्रका सबै भूभागमा बहुजातीय जनसंख्याको अवस्थिति रहेको, एउटा जातीय समुदायसँग जोडिएको शब्दावली प्रयोग गर्दा उक्त प्रदेशमा बस्ने अरू सबै समुदायले आफ्नो पहिचान हराएको महसुस गर्न सक्ने, पहिचानमा आधारित प्रदेशमा एक वा दुई कार्यकाल महत्वपूर्ण पदमा सम्बन्धित जातीय समुदाय कै व्यक्ति रहने राजनीतिक अग्राधिकारको कुरा पनि भएकोले यो लोकतन्त्र कै विपरित हुने तर्कहरु राख्दै तटस्थ नाम वा दुई वा

सो भन्दा बढी जातीय समुदायको संयुक्त नाम भएको प्रदेशको नामाकरण उपयुक्त हुने भनी बहुजातीय पहिचानको पक्षमा रहेका राजनीतिक शक्तिहरूले तर्क अघि सारेको पाइएको छ । यस पक्षबाट प्रदेशको नामाकरण गर्दा सबै प्रदेशको अघि बहुजातीय शब्द राख्ने सुझाव पनि प्रस्तुत गरेको देखिएको छ । उदाहरणको लागि बहुजातीय लिम्बुवान किराँत-कञ्चनजंघा प्रदेश, बहुजातीय नेवा ताम्सालिङ्ग गोसाईकुण्ड प्रदेश, बहुजातीय तमुवान मगरात अन्नपूर्ण प्रदेश आदि । तर एकल जातीय पहिचान र बहुजातीय पहिचानको परिभाषा र त्यसका अत्यावश्यक तत्वहरूको बारेमा कही कसैले लिखित स्पष्टता गरेको भेटिदैन ।

दोश्रो संविधानसभाको निर्वाचन पछिको वहस पनि त्यो भन्दा फरक रहेन । राजनीतिक दलहरूका घोषणा पत्रमा संघीयताको आधार पहिचान वा वहुपहिचान वा साझा पहिचान भन्ने उल्लेख गरेका थिए । तर निर्वाचनको परिणाम पछि भने पहिचान भनेको जात हो जातका आधारमा राज्य बाँडन सकिन्न भन्ने आवाज जबर्जस्त उठयो । जसले गर्दा पहिचान र जातको गन्धसम्म पनि आउन नहुने, संख्या धेरै वनाउन नहुने र तराई र पहाडलाई छुटयाउन नहुने जस्ता तर्कहरूले प्रशस्तै ठाउ पाए । फेरि पनि संघीयताको विवाद नाम संख्या र सिमानामा नै केन्द्रित रह्यो । संघीयता भनेको अधिकारको निक्षेपण हो भन्ने कुरा बुझाउन दलहरू असमर्थ भए अधिकारको सूचीमा सहमति भैसके पछि पनि नाम संख्या र सिमाना जस्ता विषय जो संघीयताका लागि सहायक विषयमा केन्द्रित हुदा संघीयताको विवाद यथावत रहन पुग्यो । पछिल्लो पटक विवाद साघुरिदै झापा, मोरङ, सुनसरी, कैलाली, कञ्चनपुर गरी पाँच जिल्लामा केन्द्रित भयो । पूर्वमा झापा, मोरङ, सुनसरीलाई कोशीमा जोड्नु पर्ने एउटा तर्क र ती जिल्लालाई मधेशमा जोडनु पर्ने अर्को तर्क गरी दुई विपरित तर्कमा दलहरू विभाजित भए । यसै गरी पश्चिमको कैलाली र कञ्चनपुरलाई पनि थारूवानमा राख्ने वा सुदुरपश्चिममा राख्ने भन्ने कुरामा पनि दलहरू त्यसै गरी विभाजित भए । संख्या ७ देखि ९ को वहस चलेकै छ । यसै गरी पहिचान सहितको नाम दिएका खण्डमा संख्या ६ पनि मान्न सकिने पहिचान जनित नाम नदिने हो भने ९ प्रदेश हुन पर्ने अर्को एउटा तर्क पहिचान जनिने नाम दिन नसकिने संख्या बढाउन पनि नसकिने र पूर्वका ३ र पश्चिमका २ जिल्ला पहाडबाट छुटयाउनै नसकिने अर्को तर्कले संघीयतामा कुरा मिल्न सकेको छैन ।

यस्तै विवादका बीचमा पनि विवादित पाँच जिल्लालाई केन्द्र शासित बनाउन सकिने वा छुट्टै प्रदेश बनाउन सकिने वा तिनका वारेमा जनमत संग्रह गर्न सकिने सहमतिका लागि एउटा विकल्प अघि सारिएको छ भने दोस्रो विकल्पका रूपमा पाँचै जिल्लाका पहाड बाहुल्य भूभाग पहाडमा र तराई बाहुल्य भूभाग मधेशमा राखेर पनि समाधान खोज्न सकिन्छ भन्ने पनि प्रस्तुत गरिएको छ भने अन्तिम विकल्पका रूपमा पहाड र मधेश जोडनै पर्ने हो भने पुर्वमा मेची र पश्चिममा कञ्चनपुर पहाडमा जोडने र बाँकी जिल्लाहरू मधेश र थारूवानमा जोड्ने गर्दा पनि हुन्छ भन्ने विकल्प प्रस्तुत भएकाछन् तर सहमति भने भएको छैन सहमतिको प्रयास जारी छ ।

## शासकीय स्वरूप सम्बन्धी

संविधान निर्माणको क्रममा सर्वाधिक विवादित भएको विषय मध्ये शासकीय स्वरूपको निर्धारण पनि एक हो । यो विषयमा अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार पार्ने जिम्मेवारी रहेको शासकीय स्वरूपको निर्धारण समिति संविधानसभाको एउटा मात्र त्यस्तो समिति हो जसले बहुमतबाट पनि कुनै शासकीय स्वरूप प्रस्ताव गर्न सकेन । यसबाट विवादको गहिराई र प्रकृति स्वतः प्रमाणित हुन्छ । समितिको तहमा एकीकृत ने.क.पा. माओवादी समर्थित १८ मतको अवधारणाले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीमा जान आवश्यक रहेको, उक्त प्रणालीमा वास्तविक रूपमा शक्तिको पृथकीकरण हुने, सरकार स्थिर भई राजनीतिक स्थिरता कायम गर्न सकिने, सरकार जनता प्रति प्रत्यक्ष रूपमा उत्तरदायी रहने, मतदातालाई प्रत्यक्ष छनौटको अवसर हुने, संसदका सदस्य मन्त्री नहुने भएकोले विकृति विसङ्गति समाप्त हुने र सरकारले छिटो, छरितो र प्रभावकारी रूपमा काम गर्न सक्ने जस्ता सकारात्मक परिणामहरु आउने सवलपक्षहरु प्रस्तुत गरिएको छ ।

त्यसै गरी समिति तहमा नेपाली कांग्रेस र एमालेको संयुक्त प्रस्तावको रूपमा आएको १६ मतको अवधारणामा आलङ्कारिक राष्ट्रपति र संसदबाट निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख हुने परिमार्जित संसदीय शासन प्रणालीको पक्षमा मत जाहेर गरिएको छ । प्रधानमन्त्री निर्वाचित भएको १ वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने अविश्वास प्रस्ताव ल्याउँदा वैकल्पिक प्रधानमन्त्रीको प्रस्ताव पनि आउनुपर्ने, वैकल्पिक सरकार दिन नसकेको अवस्थामा बाहेक अन्य अवस्थामा प्रतिनिधि सभाको विघटन नहुने संवैधानिक व्यवस्था गरेमा सरकारको स्थिरता सुनिश्चित हुने, संसदीय शासन प्रणालीमा सरकार बढी जवाफदेही हुने, शासक र जिम्मेवार प्रतिपक्ष रहने, कडा दलीय अनुशासन र ह्वीप प्रणाली रहने, राष्ट्रप्रमुख सम्मानित स्थानमा राष्ट्रिय एकताको प्रतीकको रूपमा राख्न सकिने, सरकार निरङ्कुश हुने सम्भावना नहुने भएकोले नेपालको सन्दर्भमा यही उपयुक्त हुने भन्ने सुझाव रहेको थियो । उल्लिखित दुई प्रस्तावको साथमा संसदबाट निर्वाचित राष्ट्रपति नै कार्यकारी प्रमुख हुने र निजकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने भन्ने र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख हुने अलग प्रस्तावहरु पनि समितिमा रहेका थिए ।

यी विभिन्न विकल्पहरु माथि दलीय अडान यथावत कायम रहेको सन्दर्भमा संवैधानिक समिति अन्तर्गतमा पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा गठित विवाद समाधान उपसमितिले शासकीय स्वरूपमा विद्यमान विवाद समाधान गर्न सबैलाई मान्य हुन सक्ने एक सम्झौताको प्रस्ताव तयार गर्न २०६८।७।१८ मा एक कार्यदल गठन गऱ्यो । उक्त कार्यदलले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र संसदबाट निर्वाचित प्रधानमन्त्री रहने संसदीय प्रणाली दुबैका सकारात्मक पक्षहरूलाई समेटी मिश्रित स्वरूपको शासकीय प्रणाली अवलम्बन गर्ने सुझाव उपसमितिमा मिति २०६८।७।२८ मा पेश गरेको थियो । प्रारम्भमा उक्त सुझावलाई समेत सबै राजनीतिक दलहरूले ग्रहण गर्न तयार भएनन् तर पछि २०६९।२।२ मा भएको तीन प्रमुख दलका शीर्ष नेताहरु बीच बालुवाटारमा भएको सहमतिमा मिश्रित शासकीय स्वरूपमा जाने सहमति भयो । उक्त सहमतिमा "शासकीय प्रणाली मिश्रित हुने, राष्ट्रपतिको निर्वाचन कानूनमा व्यवस्था भए बमोजिम प्रत्यक्ष प्रणालीबाट हुने, प्रधानमन्त्री संसदबाट निर्वाचित हुने, प्रधानमन्त्रीले मन्त्रिपरिषद् गठन गर्ने, मन्त्रिपरिषद् तथा यसका सदस्यहरु सामुहिक तथा व्यक्तिगत रूपमा संसद प्रति उत्तरदायी हुने, शासन प्रणालीमा नियन्त्रण र सन्तुलनको व्यवस्था गरिने व्यहोरा समेटिएको देखिन्छ ।" मिश्रित प्रणालीमा जाँदा हाम्रो संस्कार अनुकूल नहुने, दुईवटा कार्यकारी शक्ति केन्द्र हुँदा द्वन्द्व र टकराव उत्पन्न हुनसक्ने, संसदको भूमिका कमजोर हुनसक्ने, अधिकारको बाँडफाँडमा अन्यौलता सृजना हुनसक्ने लगायतका आशङ्काले समाजका लब्धप्रतिष्ठित राजनीतिशास्त्रीहरूले यसको आलोचना गरेको भए पनि संविधानसभा भित्र त्यति ठूलो असहमति यसमा प्रकट भएको थिएन । प्रदेश निर्माणको विषयमा सहमति भएको भए शासकीय स्वरूप मिश्रित प्रणाली हुने पक्कापक्की जस्तै थियो ।

## सङ्घीय मन्त्रिपरिषद्को गठन विधि सम्बन्धी

शासकीय स्वरूपसँग सम्बन्धित अर्को महत्वपूर्ण प्रश्न सङ्घीय मन्त्रिपरिषदको गठन विधि पनि हो । यो विषय कस्तो शासकीय प्रणाली अवलम्बन गर्ने भन्ने मूल प्रश्नको निरूपण नभईकन सम्बोधन गर्न सकिने अवस्था थिएन । संवैधानिक समिति अन्तर्गतको विवाद समाधान उपसमितिले बनाएको कार्यदलले मिश्रित शासन प्रणाली अपनाउने सुझाव साथ सङ्घीय मन्त्रिपरिषद् गठन विधि सम्बन्धी स्पष्ट सुझाव पेश गरेको थियो । त्यसमा राष्ट्रपति प्रत्यक्ष निर्वाचित भए पनि मन्त्रिपरिषद्मा प्रधानमन्त्रीको सिफारिसमा संसदका सदस्य मध्येबाट राष्ट्रपतिले मन्त्री नियुक्त गर्ने, संसदको सदस्य नभएको व्यक्ति मन्त्री नियुक्त भएमा ६ महिना भित्र उसले अनिवार्य रूपमा संसदको सदस्यता पाउनुपर्ने अन्यथा प्रतिनिधिसभाको सो कार्यकालभित्र निज मन्त्री नियुक्त हुन नसक्ने, प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीको सङ्ख्या व्यवस्थापिका संसदका दुबै सदनका कूल सदस्य संख्याको १० प्रतिशत भन्दा बढी हुन नसक्ने, सङ्घीय मन्त्रिपरिषद् समावेशी हुनुपर्ने विषयहरु समेटिएका थिए ।

संसदमा कसैको बहुमत नभई दुई वा दुई भन्दा बढी दलको समर्थनमा प्रधानमन्त्री भएको वा सबै भन्दा बढी सदस्य संख्या भएको दलको नेता प्रधानमन्त्री भएको अवस्थामा निजले नियुक्त भएको ३० दिन भित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने, प्रधानमन्त्री नियुक्त भएको १ वर्षभित्र वा अविश्वासको प्रस्ताव आई असफल भएको १ वर्षभित्र पुनः अविश्वासको प्रस्ताव ल्याउन नपाइने, अविश्वासको प्रस्ताव ल्याउँदा त्यसपछि नियुक्त हुने वैकल्पिक प्रधानमन्त्रीको उम्मेदवारको नाम पनि प्रस्तुत हुनुपर्ने सुझाव दिइएको थियो । २०६९ साल जेठ २ गते भएको सहमतिमा यी विषयहरु उल्लेख नभए पनि यी विषय सहमतिको नजिक पुगेकै विषय भएको कुरामा कुनै सन्देह छैन ।

## निर्वाचन प्रणाली सम्बन्धी

जनयुद्ध जनआन्दोलन मधेश आन्दोलन जनजाति आन्दोलन लगायत सबै खाले आन्दोलनका उपलब्धिका रूपमा गणतन्त्र संघीयता धर्मनिरपेक्षता संगसंगै समावेशिता पनि एक हो । आन्दोलनका महत्वपूर्ण चार उपलब्धि मध्येको एक प्रतिनिधिमूलक लोकतन्त्रको अपरिहार्य तत्वको रूपमा निर्वाचन प्रणालीलाई लिइएको छ । यसको सोझो सम्बन्ध शासकीय स्वरूपसँग रहेको र शासकीय स्वरूप समयमा नै टुङ्गो नलागेको कारण निर्वाचन प्रणालीसँग सम्बन्धित विषयहरु पनि पछिसम्म विवादित विषयको सूचीमा रहेको हो । नेपालको सन्दर्भमा उपयुक्त निर्वाचन प्रणाली छनौट गर्ने कार्यक्षेत्र रहेको संविधानसभाको राज्यको शासकीय स्वरूप निर्धारण समितिले स्थानीय सरकारको प्रमुख र उपप्रमुखको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणालीको आधारमा, स्थानीय व्यवस्थापिकामा ७० प्रतिशत सदस्य बहुसदस्यीय निर्वाचन प्रणालीको आधारमा प्रत्यक्षबाट र ३० प्रतिशत सदस्यहरु सूची समानुपातिक निर्वाचन प्रणालीको आधारमा निर्वाचित हुने सहमति कायम गरेको भए पनि प्रदेश व्यवस्थापिका, सङ्घीय व्यवस्थापिका र सङ्घीय कार्यकारी प्रमुखको निर्वाचन प्रणालीको हकमा सहमति कायम गर्न सकेन ।

समितिको तहमा एकीकृत माओवादी बहुसदस्यीय प्रत्यक्ष निर्वाचित प्रणाली, नेपाली कांग्रेस र एमाले मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणालीको् पक्षमा रहेको देखिन्छ भने अधिकांश साना दलहरूले पूर्ण समानुपातिक निर्वाचन

प्रणालीको पक्षमा आफ्नो अभिमत प्रकट गरेका देखिन्छन् । मिति २०६८।७।१८ मा संवैधानिक समितिको विवाद समाधान उपसमितिबाट गठित कार्यदलले राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष बहुमतीय प्रणालीबाट, उपराष्ट्रपतिको निर्वाचन सङ्घीय व्यवस्थापिकाका दुबै सदनका सदस्य रहेको निर्वाचक मण्डलबाट, प्रतिनिधिसभाको निर्वाचन मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट जसमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट भएको परिणामको अमिल्दो अनुपात बापत समानुपातिक निर्वाचन प्रणालीबाट क्षतिपूर्ति हुने व्यवस्था भई बढी भन्दा बढी समानुपातिक परिणाम निकाल्न सकिन्छ भन्ने सुझाव पेश गरेको थियो । त्यसै गरी राष्ट्रिय सभामा सबै प्रान्तको बरावरी प्रतिनिधित्व हुने र केही स्थान अल्पसंख्यक, सीमान्तकृत समुदाय तथा ख्याति प्राप्त व्यक्तित्वहरूबाट मनोनयन हुने व्यवस्था गर्ने र प्रदेशसभाको निर्वाचनमा पनि प्रतिनिधिसभाकै जस्तो मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने सुझाव दिइएको थियो ।

निर्वाचन प्रणालीको सम्बन्धमा कार्यदलले दिएको उक्त सुझावलाई शीर्ष नेताहरूबाट गम्भीरतापूर्वक मनन गरिएको जस्तो व्यवहारबाट देखिंदैन किनकी २०६९ जेठ २ गते भएको सहमतिमा कार्यदलको सुझाव भन्दा फरक संविधानसभामा अवलम्बन गरिएको समानान्तर खालको मिश्रित निर्वाचन प्रणाली अवलम्बन गर्ने सहमति उल्लेख छ । कुनै सुधार गर्ने कुरा उल्लेख भएको पाइदैन । उक्त सहमतिको व्यहोरा यस प्रकार रहेको थियो "संसदको निर्वाचन मिश्रित निर्वाचन प्रणालीबाट गरिने, प्रतिनिधिसभामा प्रत्यक्षबाट १७१ र समानुपातिकबाट १४० सदस्य रहने, राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट ५/५ जनाका दरले सदस्यहरु निर्वाचित हुने, मन्त्रिपरिषद्को सिफारिशमा विभिन्न क्षेत्रका ख्यातिप्राप्त विशिष्ट व्यक्तिहरूमध्येबाट १० जना राष्ट्रपतिले मनोनित गर्ने तथा प्रदेशसभामा एक केन्द्रीय संसदीय निर्वाचन क्षेत्रलाई दुई क्षेत्रमा विभाजन गरी प्रदेश सभाका सदस्यको निर्वाचन गरिनेछ ।"

निर्वाचन प्रणाली सम्बन्धी यो सहमति सम्बन्धमा समानुपातिक तर्फको सिट प्रतिशत कम भएको भन्ने र केन्द्रीय संसदको तल्लो सदन प्रतिनिधिसभाको सदस्य संख्या केही बढी भएको भन्ने टिप्पणी आए पनि अरू विषयमा ठोस असहमति केही पनि व्यक्त भएको थिएन । प्रदेश निर्माणको विषयमा सहमति भएको भए निर्वाचन प्रणाली मिश्रित हुने करिव निश्चित थियो । यो विषय विवादित अवस्थामा रही रहने अवस्था थिएन ।

दोस्रो संविधानसभाको निर्वाचन पश्चात भने निर्वाचन प्रणालीमा पनि नया सोचका साथ छलफल भएको छ । समानुपातिक निर्वाचन प्रणाली ओझेलमा परेको छ । मिश्रित निर्वाचन प्रणाली अवलम्बन गर्दा गर्दै पनि वरावरीको प्रतिशतमा प्रत्यक्ष र समानुपातिक गर्न सकिदैन भन्ने तर्कहरू आएका छन् । असी प्रतिशत प्रत्यक्ष र बीस प्रतिशत समानुपातिक भन्नेबाट छलफल शुरू भएको छ । पूर्ण समानुपातिक र बहुसदस्यीय निर्वाचन प्रणाली अहिले चर्चाका विषय नै बनाईएको छैन । यो विषय पनि निकै जटिल विषयका रूपमा रहेको छ ।

## संवैधानिक अदालत सम्बन्धी

संविधानसभाको न्याय प्रणाली सम्बन्धी समितिले राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार सर्वोच्च अदालतलाई नहुने, यो विषय सहित संविधान र सङ्घीय कानूनको व्याख्या गर्ने अधिकार सङ्घीय व्यवस्थापिका विशेष न्यायिक समितिलाई हुने विषय बहुमतबाट पारित गरेपछि संविधानसभाभित्र र न्यायिक क्षेत्रमा यो विषयमा निकै चर्चा र विवादहरु भए । नेपाली कांग्रेस, नेकपा एमाले लगायतका दलहरु लोकतान्त्रिक मुलुकमा व्यवस्थापिकाको काम कानून निर्माण गर्ने, कार्यपालिकाको काम कार्यान्वयन गर्ने र न्यायपालिकाको काम कानूनको व्याख्या गर्ने भएकोले त्यसको विपरित संसदमा सम्पूर्ण राज्य शक्ति केन्द्रित गर्ने काम गर्दा राज्य व्यवस्था निरंकुश हुने र अधिनायकवाद जन्मने खतरा रहन्छ । त्यसैले कानूनी विवादको अन्तिम निरूपण गर्ने, संविधान र कानूनको व्याख्या गर्ने अधिकार न्यायपालिकामा नै रहनुपर्ने मान्यतामा दृढ थिए । न्याय प्रणाली समितिले आफ्नो प्रतिवेदन संविधानसभामा पेश गरेको करिव ५ महिनापछि प्रतिवेदन पेश गरेको राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले सङ्घ र प्रदेश, प्रदेश-प्रदेश, प्रदेश र स्थानीय निकाय, प्रदेश र विशेष संरचना तथा विशेष संरचना र स्थानीय तह बीच उत्पन्न हुने अधिकारको सूची र कानूनी प्रकृतिका विवाद हेर्न छुट्टै संवैधानिक अदालत गठन गर्ने समितिको सर्वसम्मतिको प्रस्ताव पेश गऱ्यो । यसबाट न्यायपालिका सम्बन्धी विवादमा संवैधानिक अदालतको स्थापना गर्ने वा नगर्ने भन्ने प्रश्न पनि आबद्ध हुनपुग्यो । न्यायपालिका सम्बन्धी विवादमा संविधानसभाका धेरै संयन्त्रमा लामो छलफल र प्रयासका बाबजुद विवाद माथि सहमति हुन सकिरहेको थिएन । यस पृष्ठभूमिमा संवैधानिक समिति अन्तर्गत गठित विवाद समाधान उपसमितिमा मिति २०६७।११।२७ मा संविधानसँग कानून बाझिएको भन्ने प्रश्न र सङ्घीय इकाइहरु बीच उत्पन्न हुने संवैधानिक विवादको निरूपण गर्न अलग संवैधानिक अदालतको स्थापना गर्ने र नेपालको प्रधान न्यायाधीशनै संवैधानिक अदालतको पदेन अध्यक्ष हुने सैद्धान्तिक सहमति भयो । सो सहमतिको पृष्ठभूमिमा संवैधानिक अदालत र सर्वोच्च अदालतको अधिकार क्षेत्र लगायतका सबै विवादित विषय सम्बोधन हुने गरी प्रतिवेदन तयार गर्न एक

कार्यदलको गठन पनि भयो । कार्यदलले संविधानसँग ऐन बाभिएको, सङ्घीय ऐनसँग प्रादेशिक ऐन बाभिएको, संविधानको संशोधन संविधानको आधारभूत संरचना विपरित भएको भन्ने प्रश्न, सङ्घ, प्रदेश, स्थानीय तह बीच अधिकारको सूची सम्बन्धमा हुने विवाद, संवैधानिक निकायहरु बीचको विवाद, संवैधानिक पदका व्यक्तिको योग्यता सम्बन्धी प्रश्न, राजनीतिक दलको मान्यता सम्बन्धी विवाद र राष्ट्रप्रमुखले जटिल संवैधानिक प्रश्नमा राय मागेमा दिने क्षेत्राधिकार संवैधानिक अदालतको हुने र अरू सबै अधिकार सर्वोच्च अदालतलाई हुने गरी कार्यदलले प्रतिवेदन तयार गरी २०६७।१२।१५ मा विवाद समाधान उपसमितिमा प्रस्तुत गरेको थियो ।

न्यायपालिका सम्बन्धी उक्त सहमतिलाई प्रधानन्यायाधीश लगायत सर्वोच्च अदालतका न्यायाधीशहरु र नेपाल वार एशोसियसनले अनुपयुक्त भनि असन्तुष्टी व्यक्त गरे । यस सम्बन्धमा विवाद समाधान उपसमितिले सर्वोच्च अदालतका न्यायाधीश र नेपाल वार एशोसियसनका पदाधिकारी र वरिष्ठ अधिवक्ताहरूसँग परामर्श पनि गऱ्यो । परामर्शको क्रममा संवैधानिक अदालतको अभ्यास मूलतः सिभिल कानून प्रणालीमा प्रयोगमा रहेको तर हाम्रो न्यायप्रणाली कमन ल मा आधारित रहेकोले मेल नखाने, दुई अदालत बीच द्वन्द्व र टकराव अत्पन्न हुनसक्ने, संवैधानिक अदालतमा राजनीतिक प्रभाव परी अदालतको स्वतन्त्रता समाप्त हुनसक्ने, समान तहका अदालतबाट नजीर निर्माण र पालनामा कठिनाई हुने, मुद्दाको निरोपणमा भन ढिलाई हुनसक्ने, संवैधानिक अदालतको सञ्चालन बारे वार, बेन्च एवं नेपालको कानूनी समुदायमा ज्ञानको अभाव रहेको सो पद्धतिसँग परिचित नभएकोले धेरै समस्या सामना गर्नुपर्ने भएकोले संवैधानिक अदालतको स्थापना गर्न आवश्यक नरहेको सुझाव उहाँहरूले दिनुभएको थियो । संविधानसभा भित्र र बाहिर संवैधानिक अदालतको स्थापनालाई त्यति सहज रूपमा कहिल्यै पनि ग्रहण गरिएको थिएन तापनि संविधानसभामा रहेका अधिकांश दलहरु खास गरी एकीकृत माओवादी, मधेश केन्द्रित दलहरु संवैधानिक आलतको स्थापनामा दृढ थिए । उनीहरूले संवैधानिक अदालत स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रतिकूल होइन, विश्वका ५७ वटा भन्दा बढी मुलुकमा सञ्चालनमा रहेको छ, जर्मनी, फ्रान्स, दक्षिण अफ्रिका, इण्डोनेशिया लगायतका देशमा अत्यन्त सफल अभ्यास छ, सङ्घीयतामा सङ्घीय इकाइहरु बीच उत्पन्न हुने विवादहरूको सहि बुझाईका साथ छिटो छरितो फर्छ्यौट गर्नुपर्ने आवश्यकता रहन्छ त्यो सर्वोच्च अदालतले गर्न सक्दैन, सर्वोच्च अदालतले विभिन्न इजलास मार्फत काम गर्दा एउटै प्रश्नमा पनि भिन्न-भिन्न निर्णय हुने अवस्था रहन्छ त्यसैले सङ्घीय विवाद एकरूपतापूर्ण ढङ्गबाट निरूपणको लागि एउटै इजलासबाट काम गर्ने संवैधानिक अदालत चाहिन्छ । दुबै अदालतको नेतृत्व प्रधानन्यायाधीशले नै गर्ने भएपछि द्वन्द्व उत्पन्न हुँदैन । नजीरको प्रश्न संविधानमा स्पष्ट व्यवस्था गरेर सम्बोधन गर्न सकिन्छ भन्ने तर्कहरु राखेको पाइन्छ । यसरी संवैधानिक अदालतको पक्ष र विपक्षमा निरन्तर वहस भइनै रहेको सन्दर्भमा तीन राजनीतिक दलका शीर्ष नेताले २०६९।२।२ मा बालुवाटारमा गरेको सहमतिमा ५ वर्षको लागि सीमित क्षेत्राधिकार दिएर संवैधानिक अदालतको स्थापना गर्ने निर्णयमा पुगेको देखिन्छ । उक्त सहमतिको व्यहोरा यस प्रकार रहेको छ "प्रधानन्यायाधीशको अध्यक्षतामा संवैधानिक अदालत गठन हुनेछ, संवैधानिक अदालतमा दुईजना सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश र दुईजना कानूनविदहरु मध्ये सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका व्यक्तिमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने, संवैधानिक अदालतले प्रदेश-प्रदेश बीचको विवाद, प्रदेश र केन्द्र बीचको विवाद, प्रदेश र स्थानीय सरकारका बीचको विवाद हेर्ने छ । यो अदालत पाँच वर्षसम्म कायम रहनेछ ।" यो सहमति प्रति केही टिप्पणीहरु र असन्तुष्टी प्रकट भएको भए पनि प्रदेश निर्माणको विषयमा सहमति भएको भए ५ वर्षको लागि संवैधानिक अदालत रहने गरि न्यायपालिका सम्बन्धी विवाद निरूपण हुने पक्कापक्की जस्तै देखिएको थियो ।

## न्यायाधीश नियुक्तिको संयन्त्र सम्बन्धी

राज्यको पुनर्संरचना भित्र न्यायपालिकाको पनि पुनर्संरचना जरूरी छ । यसो हुँदा न्यायाधीशहरूको नियुक्ति संयन्त्र, नियुक्ति प्रकृया र नियुक्त मानिसहरूको व्यवहार समेतमा पुनर्संरचना आजको खाँचो हो । यही मर्मलाई आत्मसात गर्दै यसै परिप्रेक्षमा न्यायाधीशको नियुक्ति के कसरी गर्ने, त्यसको संयन्त्र के हुने भन्ने सम्बन्धी विषय पनि उठान भयो र यो विषय विवादकै रूपमा रहेको एउटा प्रमुख विवाद थियो । न्याय प्रणाली समितिले बहुमतबाट न्यायाधीशहरूको नियुक्ति सम्बन्धित तहका व्यवस्थापिकाको विशेष न्यायिक समितिले सिफारिस गरी व्यवस्थापिकाको बहुमतबाट अनुमोदन गर्नुपर्ने कार्यविधि पारित गरेको थियो । नेपाली कांग्रेस तथा नेकपा एमाले भने स्वतन्त्र निकाय न्याय परिषद्को सिफारिसमा प्रभावकारी संसदीय सुनुवाई गरेर न्यायाधीशहरु नियुक्त गर्ने पक्षमा देखिएका थिए । यो विषयमा विवाद समाधान उपसमितिले बनाएको कार्यदलले सर्वोच्च अदालत, संवैधानिक अदालतका न्यायाधीश र उच्च अदालतका न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस गर्न सङ्घीय न्यायिक आयोग तथा जिल्ला अदालतका न्यायाधीशको नियुक्तिको सिफारिस गर्न हरेक प्रदेशमा प्रादेशिक न्यायिक आयोग गठन गर्ने प्रस्ताव गरेको थियो । सङ्घीय न्यायिक आयोग प्रधानन्यायाधीशको अध्यक्षतामा रहने साथै त्यसमा सङ्घीय न्यायमन्त्री, सर्वोच्च अदालत र

संवैधानिक अदालतका एक/एक जना न्यायाधीश, प्रतिनिधिसभाका दुईजना र राष्ट्रियसभाका एकजना सदस्य, सेवा निवृत्त न्यायाधीश २ जना, राष्ट्रपतिद्वारा नियुक्त १ जना ख्याति प्राप्त कानूनविद् र नेपाल वार एशोसियसनको एक प्रतिनिधि गरी ११ जनाको स्वतन्त्र निकाय गठन गर्ने सुझाव दिइएको थियो । यो सुझाव प्रति न्यायपालिका र नेपाल वारबाट असन्तुष्टि प्रकट गरिएको थियो । पछि यो विषयमा विस्तृत रूपमा केही पनि छलफल भएन । २०६९।२।२ मा बालुवाटारमा भएको सहमतिमा न्यायाधीशहरूको नियुक्ति न्यायपरिषद्बाट हुने, न्याय परिषद्मा प्रधानन्यायाधीशको अध्यक्षतामा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश दुईजना, कानूनमन्त्री र वार एशोसियसनका एक प्रतिनिधि रहने भन्ने व्यहोरा उल्लेख थियो । सबै तहका न्यायाधीशहरूको सिफारिस यही न्यायपरिषद्ले गर्ने हो वा प्रदेशस्तरमा कुनै थप व्यवस्था गर्ने भन्ने कुरा सहमतिमा प्रष्ट थिएन ।

## न्यायाधीशहरूको पुनर्नियुक्ति सम्बन्धी

न्याय प्रणाली सम्बन्धी समितिले नयाँ संविधान सङ्घीय संरचना अनुरूप निर्माण हुन गइरहेको र न्यायपालिकाको संरचना तथा संवैधानिक निकायहरूको संरचना संविधानले पुनर्व्यवस्थित गर्ने भएकोले संविधान बमोजिम पुनर्व्यवस्थित गर्ने अदालत र निकायका पदाधिकारीको नियुक्ति र सो को आधार तथा संविधान बमोजिम हुनु उपयुक्त हुने भएकोले हाल कार्यरत सबै तहका अदालतका सबै न्यायाधीशहरु संविधान जारी भएको ३ महिना भित्र पुनर्नियुक्त भएमा बाहेक आफ्नो पदमा वहाल नरहने व्यवस्था प्रस्ताव गरेको थियो । यस विषयमा संविधानसभा भित्र त्यति धेरै विवाद नभए पनि न्यायाधीशहरूको समुदायमा अत्यन्त चर्चाको विषय र आपत्तिजनक महसुस गरेको पाइन्छ । संक्रमणकालसँग सम्बन्धित सबै विषय हेर्ने संवैधानिक समितिले पनि आफ्नो प्रतिवेदनमा संविधान प्रारम्भ हुँदाका बखत सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतमा वहाल रहेका न्यायाधीशहरु यो संविधानमा व्यवस्था भए बमोजिमको नियुक्ति सम्बन्धी व्यवस्था कार्यान्वयन नभएसम्म आ–आफ्नो पदमा कायम रहने व्यवस्था गरेर घुमाउरो ढङ्गमा पुनर्नियुक्ति हुनुपर्ने मान्यतालाई स्वीकारै गरेको थियो । न्यायिक क्षेत्रबाट निरन्तर ध्यानाकर्षण गराइएको र असन्तुष्टि व्यक्त गरिएको यो विवादमा पनि पछि छलफल भएन । एकैपटक २०६९।२।२ मा ३ प्रमुख दलका शीर्ष नेता बीच भएको सहमतिमा अन्तरिम संविधान बमोजिम हाल कायम रहेका न्यायाधीशहरूले नयाँ संविधान बमोजिम पुनः नियुक्ति लिनुपर्ने छैन । नयाँ संविधान बमोजिम सपथ गर्नुपर्ने छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यो सहमतिमा तत्काल कतैबाट असहमति प्रकट गरिएको पनि थिएन । संविधान जारी हुनसक्ने अवस्था भएको भए पुर्ननियुक्ति सम्बन्धी विवाद सहज समाधान हुने आधार यसबाट पुष्टि हुन्छ ।

## नागरिकता सम्बन्धी विषय

नागरिकता सम्बन्धी विषय नेपालमा जहिले पनि विवादित विषयको रूपमा रहँदै आएको छ । संविधानसभामा पनि यो एक जटिल विवादको रूपमा रहिरह्यो । यो विषयको अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने जिम्मेवारी रहेको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिले पेश गरेको प्रतिवेदनमा एकल नागरिकता वा सङ्घीय र प्रान्तीय दोहोरो नागरिकता के हुने, वंशजको आधारमा नागरिकता प्राप्त गर्न आमा र बाबु दुबै नेपालको नागरिक हुनुपर्ने वा आमा वा बाबुमध्ये कुनै एक नेपालको नागरिक भए हुने ? वैवाहिक आधारमा नेपालको अङ्गीकृत नागरिकता लिन विदेशी महिला र पुरूष दुबैले १५ वर्ष सम्म नेपालमा बसेको हुनुपर्ने, वा नपर्ने वा महिलाको हकमा विदेशको नागरिकता त्याग्ने कारवाही चलाएपछि तत्काल प्रदान गर्ने ? राष्ट्रप्रमुख, उपप्रमुख लगायतका प्रमुख संवैधानिक पदमा निर्वाचित वा नियुक्त हुन वंशजको नागरिकता प्राप्त हुनुपर्ने वा नपर्ने, गैरआवासीय नेपालीलाई नागरिकताको निरन्तरता हुने व्यवस्था गर्ने वा प्रमाणपत्र प्रदान गर्ने भन्ने विषयमा सहमति हुन सकेन । विवादित अवस्थामा नै यी विषय संविधानसभामा पेश भए । प्रतिवेदन अध्ययन समितिले पनि नागरिकता सम्बन्धी यी सबै विषयमा शीर्षनेता तहमा नै छलफल गरी सहमति गर्नुपर्ने गरी विवादको सूचीमा कायम राखेर प्रतिवेदन दियो । संविधानसभाका अध्यक्षको अग्रसरतामा विवादित विषयमा सहमति कायम गर्न बसेको संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दलका संसदीय दलका नेताको बैठकबाट नागरिकता सम्बन्धी विवादमा देहाय बमोजिम सहमति कायम भयोः– "प्रादेशिक पहिचान सहितको एकल सङ्घीय नागरिकताको व्यवस्था गर्ने, वंशजको आधारमा नागरिकता प्राप्त गर्न आमा र बाबु दुबैको नेपाली नागरिकता हुनुपर्ने, नेपाली नागरिक महिलासँग विवाह गरेको विदेशी पुरूषले अङ्गीकृत नागरिकता लिन १५ वर्ष सम्म नेपालमा बसेको हुनुपर्ने, नेपाली नागरिक पुरूषसँग विवाह गरेकी विदेशी महिलाले अङ्गीकृत नागरिकता लिन चाहेमा विदेशको नागरिकता त्याग्ने कारवाही चलाए पछि नेपालको अङ्गीकृत नागरिकता प्रदान गरिने, नेपालको राष्ट्रप्रमुख, उपराष्ट्रप्रमुख, प्रधानमन्त्री, व्यवस्थापिका संसद, न्यायपालिकाका प्रमुख, सुरक्षा निकाय प्रमुख, प्रदेश प्रमुख र उपप्रमुखमा निर्वाचित वा नियुक्त हुन अङ्गीकृत नागरिकले नपाउने, ती पद बाहेक अन्य संवैधानिक पदमा नियुक्त हुन अङ्गीकृत नागरिकले १० वर्ष नेपालमा

बसोबास गरेको हुनुपर्ने तर यो व्यवस्था वैवाहिक अङ्गीकृत नागरिकको हकमा लागू नहुने र सार्क क्षेत्र बाहेकका मुलुकमा बसोबास गर्ने गैर आवासीय नेपालीलाई आर्थिक सामाजिक र सांस्कृतिक अधिकार प्रयोग गर्न पाउने गरि अलग्गै गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने सहमति भयो । यसबाट नागरिकता सम्बन्धी सबै विवादमा सहमति कायम भएको महसुस गरियो । यो सहमति संविधानसभाको मिति २०६७।१०।१२ को १०६औं बैठकबाट अनुमोदन पनि भयो । यो सहमतिका आधारमा मस्यौदा एकीकरण गर्नको लागि संविधानसभाले प्रतिवेदन संवैधानिक समितिमा पठायो तर संवैधानिक समितिमा नागरिकता सम्बन्धी विवाद पुनः बल्भियो । खास गरी महिला ककसबाट उक्त सहमति समानताको हकको प्रतिकूल रहेको, नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसँग मेल नखाएको भन्ने आधारमा नागरिकताको विषयमाथि पुनः छलफल गर्नुपर्ने आवाज उठी रहेको थियो । संविधानसभा र संवैधानिक समितिको अभिलेखमा औपचारिक रूपमा विवादको सूचीमा नागरिकता सम्बन्धी कुनै पनि प्रश्न कायम रहेको पाइदैन तर यस सम्बन्धी आवाज संविधानसभा भित्र र बाहिर उठी रहेको देखिन्छ । शीर्ष नेताहरूले पनि पटक-पटक नागरिकता सम्बन्धमा पुनः छलफल गरिन्छ भनी आश्वासन दिएको पाइन्छ । मधेशी मोर्चा सहित प्रमुख दलका नेताहरु बीच हात्तीवन रिसोर्टमा २०६९।१।४ मा भएको छलफलमा नागरिकता सम्बन्धी विषयमा छलफल भई केही सहमति भयो भन्ने समाचार प्रकाशित भए पनि संविधानसभालाई यस सम्बन्धमा कुनै सूचना वा जानकारी छैन । २०६९।२।२ मा बालुवाटारमा भएको महत्वपूर्ण सहमतिमा नागरिकता सम्बन्धी कुनै विषय समावेश भएको देखिंदैन । महिला माननीय सदस्यहरूले समानताको प्रतिकूल कुनै पनि सहमति भएमा उक्त कुरा मान्य नहुने अडान राख्नु भएको देखिन्छ भने प्रमुख राजनीतिक दलहरु वैवाहिक अङ्गीकृत नागरिकता सबै विदेशीलाई तत्काल दिन नसकिने कुरामा दृढ भएको पाइन्छ । अर्को तर्फ हाम्रो सामाजिक परम्परा, नेपाल र भारत बीचको खुला सिमाना र खुला वैवाहिक सम्बन्ध तथा विवाह पछि पत्नी पतिको घरमा गई दाम्पत्य जीवन बिताउने हाम्रो र भारतको समान सामाजिक परम्परा भएको सन्दर्भमा भारतबाट नेपाली नागरिकसँग विवाह गरी आउने विदेशी महिलाहरूलाई तत्काल नेपाली नागरिकता दिइरहेको कानूनी व्यवस्था र दिनुपर्ने अपरिहार्यता तर्फ मधेश केन्द्रित दलको दृढ अडान रहेको कारण नागरिकता सम्बन्धी विवादमा सबैलाई मान्य हुने सहमति हुन निकै कठिन महसुस हुन्छ ।

दोस्रो संविधानसभाको निर्वाचन पश्चात यो विषयले बल्ल महत्व प्राप्त गरयो । यद्यपि पहिलो संविधानसभामा विवादमा रहेको तर औपचारिक सूचीमा सहमति भएको मध्येमा परेको नागरिकताको विषयले यस पटक अघिल्लो संविधानसभाले सहमति गरेको कठोर प्रावधान सच्याउन माग गरयो । निर्क्योल समितिले सहमति भएको भन्ने सुची भित्र पारेर मस्यौदा समितिमा पठाएको भए पनि मस्यौदाका बखत मस्यौदा समितिमा सहमति हुन नसकेपछि सो विवाद सहमति गरी पठाउन संवाद समितिमा फिर्ता पठाईएको र संवाद समितिको पटक-पटकको प्रयत्न पछि पनि सहमति भने हुन सकेको छैन । छोरा र छोरीमा समानताको प्रश्न, अंश र वंशमा छोरीको अधिकारको स्थापना जस्ता सैद्धान्तिक विषयमा आम सहमति कायम भयो र यही आधारमा आमा वा वावुमध्य जो सुकै पनि एकका नामवाट नागरिकता प्रदान गर्ने व्यवस्था गर्न जरूरी थियो । यस अघिको निर्णयले आमा र बाबु दुबै नेपाली नागरिक हुने कुराले नेपालको नागरिकताको प्रावधान संसारकै कठोर कोटीमा पर्ने अवस्था बनायो जबकि यस अघिको अन्तरिम संविधान २००८ सालको नागरिकता ऐन र २०१९ सालको संविधानमा समेत "बाबु वा आमा" भन्ने नै प्रावधान थियो । २०४७ सालको संविधानले बाबु नेपाली नागरिक हुनै पर्ने व्यवस्था गरेको थियो भने यस अघिको सहमतिले बाबु मात्रै हैन बाबु आमा दुबै हुने अनिवार्य व्यवस्थाले नागरिकताको व्यवस्था कठोर हुने भयो भन्ने कुरामा सहमति भै त्यसो गर्न नहुने निष्कर्षमा पुगिकन पनि औपचारिकता प्राप्त गर्न सकेको छैन । शीर्ष नेताहरूका बीचमा आमा वा बाबु मध्य एक जना नेपाली नागरिक भए उनका सन्तानलाई वंशजको नागरिकता दिने भन्ने कुरामा सहमति भएको छ तै पनि सम्वाद समितिबाट औपचारिकता प्रदान गरिनसकेको हुँदा आजसम्म पनि यो विषय विवादकै सूचीमा छ ।

## संविधानमा सम्पत्तिको हक सम्बन्धी विषय

नागरिकको सम्पत्तिमा सीमा लगाउने वा नलगाउने, जग्गाको हदबन्दी संविधानमा नै निर्धारण गर्ने वा नगर्ने र हदबन्दी भन्दा माथिको जग्गा राज्यले प्राप्त गर्दा जग्गा धनीलाई क्षतिपूर्ति दिनुपर्ने वा नपर्ने भन्ने विषयमा मौलिक हक तथा निर्देशक सिद्धान्त समितिमा सहमति जुट्न सकेन । संविधानसभामा छलफल हुँदा र प्रतिवेदन अध्ययन समितिले प्रयास गर्दा समेत यो विषयमा सहमति कायम गर्ने तर्फ कुनै प्रगति भएन । यो विषय भन जटिल बन्नुको कारण के पनि थियो भने संविधानसभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिले राज्यले वैज्ञानिक/क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदबन्दी भन्दा बढी जमीन कानून बमोजिम अधिग्रहण वा प्राप्त गर्नसक्ने विषयलाई बहुमतबाट पारित गरेको थियो । एकीकृत माओवादी, नेमकिपा लगायतका दलहरु यो विषयमा दृढ रहेकोले विवाद पछिसम्म रहेको हो । संवैधानिक समिति अन्तर्गतको विवाद समाधान उपसमितिमा मिति २०६८।९।१५ मा छलफल हुँदा सम्पत्तिमा सीमा लगाउन उपयुक्त नहुने, जग्गामा हदबन्दी

कानूनद्वारा गर्न सकिने भएकोले संविधानमा राख्न नपर्ने र हदबन्दी भन्दा बढी जग्गामा दिइने क्षतिपूर्तिको आधार संसदले कानून बनाएर निर्धारण गर्नसक्ने भएकोले मौलिक हक समितिको मूल मस्यौदामा भएको कुरा नै उपयुक्त भएको, फरक मतको विषय राख्न नपर्ने सहमतिमा पुगेको थियो तर उक्त सहमति अनुमोदनको लागि संवैधानिक समितिमा पेश भएकोमा एकीकृत माओवादी कै केही सदस्यहरूको असहमतिको कारण अनुमोदन हुन सकेको थिएन । प्रदेश निर्माणको विषयमा सहमति भई संविधान जारी हुने वातावरण तयार भएको भए एकीकृत माओवादीका अध्यक्षद्वारा सहमति जनाइएको यो विषयमा उपसमितिमा भएको सहमति बमोजिम नै गर्नमा धेरै बाधा हुने स्थिति थिएन ।

## भूतलक्षी फौजदारी कानूनको निर्माण गर्ने छुट संसदलाई हुनुपर्ने विषय

कुनै व्यक्तिले विगतमा गरेको कार्यलाई भविष्यमा कानून बनाएर अपराध घोषित नगरिने विधिशास्त्रको स्थापित मान्यता नै हो । यो मान्यता सिद्धान्ततः उपयुक्त भए पनि नेपालमा मानवता विरूद्धको अपराध, युद्ध अपराध वा आमनरसंहार सम्बन्धी विषयमा सजाय गर्ने कानून नबनिसकेको स्थितिमा भविष्यमा यस्ता अपराधमा कोही संलग्न नहोस भनी नेपाली जनताको मानव अधिकारको राम्रो संरक्षण होस् भन्ने उद्देश्यले समितिको तहमा खासगरी मानवता विरूद्धको अपराध, युद्ध अपराध र जातीय नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावि कानून बनाएर सजाय गर्न सकिने छुट संसदलाई हुने व्यवस्था आत्मसात गर्ने विचार प्रस्तुत भएको देखिन्छ । यस विषयमा समितिको तहमा सहमति कायम हुन सकेन । संविधानसभा, प्रतिवेदन अध्ययन समिति, २७ दलका नेताको संयुक्त बैठक, उच्च स्तरीय कार्यदल कहि पनि छलफल हुँदा यो विषय टुङ्गो लाग्न सकेन । अन्तमा संवैधानिक समिति अन्तर्गतको विवाद समाधान उपसमितिको मिति २०६८।९।१५ को बैठकमा यस विषयमा छलफल भई संविधान जारी भए पछि घटित मानवता विरूद्धको अपराध, युद्ध अपराध र आम नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावि कानून बनाएर सजाय गर्न बाधा नपुग्ने व्यवस्था राख्ने सहमति भएको थियो । उक्त सहमति अनुमोदनको लागि सवैधानिक समितिमा पेश भएकोमा एकीकृत माओवादीका केही माननीय सदस्यहरूको असहमतिको कारण अनुमोदन हुन नसकेको भन्ने जानकारी सार्वजनिक भएको पाइन्छ । प्रदेश निर्माणको विषयमा सहमति भई संविधान जारी हुने वातावरण तयार भएको भए एकीकृत माओवादीका अध्यक्षद्वारा सहमति जनाइएको यो विषयमा उपसमितिको सहमति बमोजिम विवाद समाधान हुने कुरामा त्यति धेरै समस्या हुने अवस्था देखिन्न ।

## संविधान-संशोधन सम्बन्धी विवाद

संवैधानिक समितिको कार्यक्षेत्र भित्र रहेको संविधान संशोधनको प्रक्रिया निर्धारण गर्ने विषयमा समितिको तहदेखिनै केही विवादहरु निरूपण हुन सकेका थिएनन् । समितिको बहुमतबाट जनतामा निहित सार्वभौमसत्ता गणतन्त्रतात्मक व्यवस्था, विधिको शासन स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, बहुलवाद, बहुदलीय प्रतिस्पर्धा, वालिग मताधिकार र आवधिक निर्वाचन सम्बन्धी मूल्य मान्यतालाई संविधानको आधारभूत संरचनाको रूपमा राखी तिनको प्रतिकूल संविधान संशोधन गर्न नसकिने भनी संसदको संविधान संशोधन गर्ने अधिकारमा सारभूत सीमा लगाउने प्रस्ताव पारित भयो । यो विषय राख्नुको उद्देश्य के थियो भने संविधान निर्माण गर्ने आधारभूत शक्ति (Original Constituent Power) जनतामा निहित रहने तर संविधान संशोधनको अधिकार संसदलाई प्रत्यायोजित अधिकारको रूपमा रहेको हुन्छ । प्रत्यायोजित अधिकारले संविधान निर्माताको अधिकारलाई खण्डित गर्न नसक्ने भएकोले जनताले संविधान निर्माण गर्दा स्थापित गरेका आधारभूत मूल्य र मान्यताहरूको प्रतिकूल हुने गरी संविधान संशोधन गरिएमा संशोधन मात्र नभई नयाँ संविधान निर्माण गरे जस्तो हुने भएकोले संसदको अधिकारमा सीमा लगाउनु पर्छ भन्ने अभिप्राय हो । यदि अहिले संविधानमा नै स्पष्ट उल्लेख नगर्ने हो भने अन्तरनिहित सीमाको सिद्धान्त बमोजिम पछि सर्वोच्च अदालतले व्याख्या गरि यस्तो सीमा अवश्य पनि तोक्ने स्थिति हुन्छ । यो अधिकार अदालतलाई प्रदान गरी अनिश्चितता बढाउनु भन्दा संविधानसभाले नै विषयवस्तु निश्चित गर्नु हरेक दृष्टिकोणले उपयुक्त हुने यसको पक्षमा रहेका नेपाली काँग्रेस र एमाले लगायतका दलको धारणा रहेको थियो ।

तर एकीकृत माओवादी यसरी असंशोधनीय विषयहरु राख्न नहुने अडानमा रह्यो उसको तर्कमा यो व्यवस्थाले संविधानलाई कठोर बनाउने, शान्तिपूर्ण रूपमा परिवर्तन गर्ने बाटो बन्द हुने, भावि पुस्ताको विवेक र उनीहरूले परिवर्तन गर्नसक्ने अधिकारलाई पनि यो पुस्ताले सीमा लगाएको अर्थ निस्कने, यस्ता विषय समावेश गरेपछि असंशोधनीय विषयको सूची धेरै लामो भएर जाने, यसमा सङ्घीयता, धर्म निरपेक्षता, स्थानीय स्वायत्तता, आदिवासीको अधिकार जस्ता विषय राख्ने कि नराख्ने भन्ने थप विवाद जन्मने भएकोले यस्तो असंशोधनीय विषय केही पनि राख्न हुँदैन भन्ने उसको तर्क रहेको थियो । धेरै पटक छलफल भएर पक्ष र विपक्षमा तर्क प्रस्तुत गरिएको यो विवाद

अन्तिम समय सम्म टुङ्गो लाग्न सकेको थिएन । जेठ २ गते प्रमुख ३ दल बीच भएको सहमतिमा पनि यो विषयलाई सम्बोधन गर्न सकिएको देखिंदैन ।

## संविधानमा रहने संवैधानिक आयोगको सङ्ख्या सम्बन्धीः

संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिले हाल विद्यमान अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लेखा परिक्षण आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोगलाई निरन्तरता दिंदै थप नयाँ ६ वटा आयोग प्रस्ताव गरेको थियो । ती आयोगमा महिला आयोग, दलित आयोग, आदिवासी/जनजाति आयोग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग, मधेशी आयोग, मुस्लिम आयोग रहेका थिए । यसरी समितिले ११ वटा आयोग सिफारिस गरेको, प्राकृतिक स्रोत साधन समितिले थप २ वटा र भाषा सम्बन्धी समितिले एक भाषा आयोगको स्थापना हुनुपर्ने निर्णय गरेकोले करिव १५ वटा जति आयोग संविधानमा रहने स्थिति देखियो । यस सम्बन्धमा संविधानसभामा छलफल हुँदा माननीय सदस्यहरूले आयोगको संख्या धेरै भयो भन्दै थप एक दुईवटा आयोग अपरिहार्य रहेको सुझाव दिने गर्नु भएको थियो त्यसलाई समेत समावेश गर्दा आयोगको सूची करिव ५३ वटा पुगेको अवस्था थियो ।

यस अवस्थामा देश सङ्घीय संरचनामा गइरहेकोले अधिकांश आयोगको प्रयोजन प्रदेशको निर्माणबाट पनि सम्बोधित हुने, अधिकार बढी भन्दा बढी जनताको नजिक लैजानुपर्ने भएकोले केन्द्रीय आयोग धेरै बनाउँदा अधिकार झन केन्द्रीकृत हुने भएकोले संविधानसभाले २०६६।११।२० मा संवैधानिक समितिलाई प्रस्तावित ११ वटा आयोग मध्ये हाल कायम ५ वटा आयोग बाहेक अन्य आयोगलाई समितिले प्रस्ताव गरे अनुसार व्यवस्था गर्ने वा एकीकृत रूपमा एउटा छाता आयोग बनाउने भन्ने विषयमा संवैधानिक समितिले नै छलफल गरी उचित व्यवस्था गर्ने भन्ने निर्देशन दियो । उक्त निर्देशन बमोजिम २०६६।११।२६ देखि २०६६।१२।१ सम्म संवैधानिक समितिमा छलफल भए पनि आयोगको संख्याको बारेमा कुनै सहमति हुन सकेन ।

विभिन्न जाति, भाषा, क्षेत्रका जनताको अधिकार सम्बन्धमा सिफारिस गर्ने प्रयोजनले प्रस्तावित गरिएका ६ वटा आयोगलाई राष्ट्रिय मानव अधिकार आयोगमा नै समाहित गर्ने वा एउटा एकीकृत प्रवृत्तिको सामाजिक समावेशीकरण आयोग बनाउने भन्ने विषयमा सहमति नजिक पुगे पनि औपचारिक रूपमा यो विवादको टुङ्गो लागेको थिएन ।

## आत्म निर्णयको अधिकार

संविधान निर्माणको क्रममा व्यापक रूपमा उठाइएको, अत्यन्त विवादास्पद रहेको र अन्तिम क्षण सम्म पनि टुङ्गो नलागेको विषय आत्म निर्णयको अधिकार हो । आत्म निर्णयको अधिकारको बारेमा संविधानसभाका ३ वटा समितिको प्रतिवेदनमा व्यवस्था रहेको र ३ वटै स्थानमा विवादित रहेको पाइन्छ । संवैधानिक समितिले प्रस्तावनामा "राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै" भन्ने अंश राख्ने प्रस्ताव गरेको छ भने राष्ट्रिय हितको संरक्षण समितिले "प्रत्येक प्रान्त र स्थानीय सरकारलाई आफ्नो प्रादेशिक क्षेत्रभित्रका जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा प्राकृतिक सम्पदाको उपयोग गर्ने पूर्ण आत्म निर्णयको अधिकार रहने प्रस्ताव गरेको देखिन्छ । राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले भने यो विषयमा "आदिवासी, आदिवासी जनजाति र मधेशीलाई आन्तरिक र स्थानीय रूपमा राजनीतिक, संस्कृति धर्म, भाषा, शिक्षा, सूचना सञ्चार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप वाणिज्य, भूमि, स्रोत साधनको परिचालन तथा वातावरण सम्बन्धी अधिकारका रूपमा आत्म निर्णयको अधिकार रहनेछ" भनिएको छ । यसरी संविधानसभाका ३ वटा समितिले ३ फरक-फरक अर्थ र प्रयोजन देखिने गरि यो विषयलाई संविधानमा समावेश गर्न चाहे पनि कुनै पनि समितिमा निर्विवाद हुन सकेको देखिंदैन । तर देशको सार्वभौमसत्ता, स्वतन्त्रता, एकता र क्षेत्रीय अखण्डतामा खलल नपुग्ने गरी यो अधिकारको प्रयोग हुने कुरामा तीनवटै समितिमा आम सहमति भएको देखिन्छ ।

आत्म निर्णयको अधिकार संविधानमा समावेश गर्नुपर्छ भन्ने विषयलाई एकीकृत माओवादी र आदिवासी जनजाति समुदायका सदस्यहरूले विशेष जोड दिएको पाइन्छ । उनीहरूले संयुक्त राष्ट्रसङ्घको वडापत्रको धारा ५५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १(१), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १(३), आदिवासी जनजातिका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको महासभाको घोषणा २००७ को धारा ३, ४ र ४६ तथा आदिवासी जनजाति अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ लाई आधार बनाएर यो अधिकार प्रत्याभूति गर्नुपर्ने तर्क प्रस्तुत गरेको पाइन्छ भने नेपाली

कांग्रेस र नेकपा एमालेले आत्म निर्णयको अधिकार राष्ट्रिय स्वतन्त्रता आन्दोलनसँग सम्बन्धित रहेको, यसको प्रयोग गरेर उपनिवेशमा रहेका धेरै राष्ट्रहरु स्वतन्त्र भइ सकेका, संयुक्त राष्ट्रसङ्घको वडापत्रले यही कुरालाई इङ्गित गरेको, मानव अधिकार सम्बन्धी महासन्धिले प्रत्याभूत गरेको, व्यक्तिगत स्वतन्त्रताको रूपमा यसलाई स्थान दिएको र नेपालको अन्तरिम संविधान र नयाँ संविधानमा पनि नेपाली नागरिकलाई आधारभूत मौलिक अधिकारको प्रत्याभूति दिने सहमति भइसकेकोले त्यसको लागि आत्मनिर्णयको अधिकार उल्लेख गर्न आवश्यक नरहेको, आत्मनिर्णयको अधिकार बारे राजनीतिक दलहरु र नेताहरु पिच्छे अलग-अलग बुझाई रहेकोले यो विषयलाई संविधानमा राखेर संविधानलाई अन्यौल र विवादको भुमरिमा पार्नै नहुने भएकोले आत्म निर्णयको अधिकार संविधानमा राख्न उपयुक्त नहुने तर्क प्रस्तुत गरेको पाइन्छ ।

संविधानसभाका विभिन्न संयन्त्रमा आत्म निर्णयको अधिकार सम्बन्धमा रहेको विवाद समाधान गर्ने प्रयास स्वरूप भएको छलफलमा यो विषयलाई राज्यको पुनर्संरचना सम्बन्धी प्रतिवेदनमा छलफल गर्दा एकै पटक सहमति कायम गर्ने गरी विवादलाई एक ठाउँमा केन्द्रित गरेर सूचीकृत गरे पनि कुनै पनि चरणमा सहमति कायम हुन सकेको छैन । तीन प्रमुख राजनीतिक दलका शीर्षनेता बीच २०६९।२।२ मा बालुवाटारमा भएको सहमतिमा आत्मनिर्णयको अधिकारलाई ठोस रूपमा सम्बोधन नगरिएको र प्रदेशहरूमा सबै जाति, जनजाति, धर्म, भाषा, संस्कृतिका सबै नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार समान रहनेछ भन्ने सहमतिको बुँदामा उल्लेख भएकोले कुनै निश्चित समुदायलाई मात्र आत्मनिर्णयको अधिकार हुने भन्ने व्यवस्था संविधानमा समावेश गर्न उपयुक्त नहुने निष्कर्षमा अप्रत्यक्ष रूपमा पुगेको बुझ्न पनि सकिन्छ । सङ्घीय संरचना अन्तर्गत प्रदेशको निर्माण लगायतको मूल विवाद कायमै रहेकोले आत्मनिर्णयको अधिकार सम्बन्धी विवाद पनि सो विवादमाथि छलफल हुने अवसरमा पुनः उठ्न सक्ने पर्याप्त आधार रहेको छ ।

## राजनीतिक अग्राधिकार सम्बन्धी

राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिले जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशमा र विशेष संरचना अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा बाहुल्य रहेको जाति/समुदायको सदस्यलाई मुख्य नेतृत्व तहमा दुई कार्यकाल सम्मका लागि राजनीतिक अग्राधिकार रहने भन्ने प्रस्ताव गरेको छ । यसै गरी मौलिक हक तथा निर्देशक सिद्धान्त समितिमा आदिवासी/जनजाति समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनुपर्ने मत जाहेर भएको देखिन्छ । यी दुबै स्थानमा यो विषय विवादित भएको र संविधानसभा लगायत विवाद समाधानको प्रयास गरिएका हरेक ठाउँमा यो विषयमा सहमतिमा पुग्न सकेको पाइदैन । राजनीतिक अग्राधिकारको पक्षमा रहेका सदस्यहरूले नेपाल सङ्घीय प्रणालीमा जानुपर्ने प्रमुख कारण राज्य सत्तामा उत्पीडित जाति/समुदाय, लैङ्गिक विभेद उत्पीडित भाषी र उत्पीडित क्षेत्रका जनताको पहुँचहीनता हो । त्यसैले राज्य सत्तामा पिछडिएका उत्पीडित जाति/समुदायहरूलाई पहुँच र नेतृत्व स्थापित गर्ने विशेष व्यवस्था जरूरी छ त्यो विशेष व्यवस्था भनेको राजनीतिक अग्राधिकार नै हो भन्ने तर्क प्रस्तुत गरेको पाइन्छ ।

अर्को तर्फ राजनीतिक अग्राधिकारको विपक्षमा रहेका माननीय सदस्यहरूले यो अवधारणा लोकतन्त्रको विरूद्धमा रहेको, सबै जनताको चुन्ने र चुनिने राजनीतिक अधिकारलाई नै यसले समाप्त पार्ने र यो अधिकारको कुनै सर्वस्वीकृत अन्तर्राष्ट्रिय मापदण्ड पनि नरहेकोले यस्तो व्यवस्था गर्न सकिंदैन । पिछडिएको समुदाय र क्षेत्रलाई उम्मेदवारीको कोटा, सिट आरक्षण लगायतका विशेष व्यवस्था गरेर मूलप्रवाहीकरण गर्नुपर्छ राजनीतिक अग्राधिकार भन्ने कुरा स्वीकार्य हुँदैन भन्ने तर्कहरु प्रस्तुत गरेको देखिन्छ । संविधानसभाको कार्यकालमा यो प्रश्नको समाधान पनि हुन सकेको पाइदैन । राज्यको पुनर्संरचना सम्बन्धी विषयमा टुङ्गो लगाउँदा सँगै समाधान गर्ने भनेर यसलाई विवादको सूचीमा कायम राखिएको छ । प्रदेशको निर्माण सहित सङ्घीयतासँग सम्बन्धित सबै प्रश्न विवादित नै रहेकोले अग्राधिकार सम्बन्धी विवाद पनि सङ्घीयता सम्बन्धी विवादमा छलफल हुने अवसरमा पुनः उठ्ने पर्याप्त आधार देखिन्छ ।

**संविधानका सहमति गर्न बाँकी मुख्य विषयहरू**

- संघीय संरचनाः नाम, संख्या र सिमाना
- शासकीय स्वरूपः राष्ट्रपतीय प्रणाली, संसदीय प्रणाली, प्रधानमन्त्रीय प्रणाली, मिश्रित प्रणाली
- निर्वाचन प्रणालीः प्रत्यक्ष, समानुपातिक, मिश्रित बहुसदस्यीय निर्वाचन प्रणाली
- न्याय प्रणाली :संवैधानिक अदालतको क्षेत्राधिकार र अवधि नियुक्ति, पुनर्नियुक्ति

**सत्तारूढ गठबन्धनको नौ बुँदे प्रस्तावको सार**

- संघीय संरचनामा ७ प्रदेश, स्थानीय तहमा गाउँ नगर र जिल्ला रहने । विशेष संरचनाका हकमा केन्द्रिय सरकारको अनुमति लिई कानुन वमोजिम घोषणा गर्न सकिने ।
- शासकीय स्वरूपः संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने र संघीय संसद र प्रादेशिक विधायिका सहितको निर्वाचक मण्डलबाट राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन
- निर्वाचन प्रणालीः १६५ सदस्यीय प्रतिनिधिसभा प्रत्यक्ष निर्वाचन प्रणालीद्धारा हुनेछ । राष्ट्रिय सभा ७५ जना प्रत्यक प्रदेशबाट १०।१० जनाका दरले पूर्ण समानुपातिक र पाँच जना मनोनित हुने ।
- न्याय प्रणालीः संवैधानिक अदालतका सट्टा संवैधानिक इजलाश सहितको न्यायप्रणाली हुने ।

**३० दलीय गठबन्धनको नौ बुँदे प्रस्तावको सार**

- संघीयताः धारा १३८, समिति र आयोगको प्रतिवेदनका आधारमा दश प्रदेश लिम्बुवान, किराँत/खम्बुवान, शेर्पा, ताम्सालिङ, नेवा, तमुवान, मगरात, थारूवान, कर्णाली/खसान, मधेश प्रदेश हुनेछन् । स्वायत्त क्षेत्र संरक्षित क्षेत्र र विशेष क्षेत्र सहितका विशेष संरचना रहनेछन् ।
- शासकीय स्वरूपः प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसदबाट निर्वाचित प्रधानमन्त्री सहितको मिश्रित स्वरूप रहने काम कर्तव्य र अधिकारको निर्धारण संविधानद्धारा नै हुने ।
- न्याय प्रणालीः सर्वोच्च अदालत, संवैधानिक अदालत,उच्च अदालत,स्थानीय अदालतहरू रहनेछन् न्यायधिशहरूको नियुक्ति सरूवा र कारवाहीका लागि संघीय न्यायिक आयोग र प्रादेशिक न्यायिक आयोगको व्यवस्था हुनेछ ।
- निर्वाचन प्रणालीः मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अबलम्वन गर्ने
- नागरिकताः बाबु वा आमाका नामबाट वंशजको नागरिकता (स्थायी बसोबास र अन्य देशको नागरिकता नलिएको शर्त)

## (घ) वर्तमान संविधानसभाको गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ बमोजिम २०६४।१२।२८ मा सम्पन्न भएको पहिलो संविधानसभाको निर्वाचनबाट गठित संविधान सभा संविधान निर्माणको कार्यलाई पूर्णता प्रदान नगरी स्वतः विघटन भएको सबैमा विदितै छ । संविधान बमोजिम नेपालको विधायिकी अधिकार पनि सोही संविधान सभाले व्यवस्थापिका संसदको हैसियतमा प्रयोग गर्दै आएकोमा संविधान सभाको विघटन पश्चात विधायिकी अधिकार प्रयोग गर्ने अङ्गको शून्यताको स्थिति सिर्जना भएकोले संविधान निर्माण गर्न अर्को संविधान सभाको निर्वाचन सम्पन्न गर्न संविधानका विभिन्न प्रावधानहरूमा बाधा अडकाउ परेकोले संविधानको धारा १५८ बमोजिम राजनीतिक सहमतिमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट २०६९।१२।१ मा बाधा अडकाउ फुकाउने आदेश जारी भई तत्कालीन प्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम चुनावी सरकारको गठन भएको थियो ।

उक्त अन्तरिम चुनावी सरकारले उच्चस्तरीय राजनीतिक समिति र निर्वाचन आयोगसँगको परामर्शपछि २०७० मंसिर ४ गते दोस्रो संविधानसभाको निर्वाचनको मिति तय गरेकोमा उक्त मितिमा जनताको अत्यन्त उल्लासमय सहभागितामा संविधानसभाको निर्वाचन सम्पन्न भई २०७० पौष १९ गते निर्वाचनको अन्तिम परिणाम सार्वजनिक पनि भयो । अन्तरिम संविधानको व्यवस्था बमोजिम मन्त्रिपरिषदका अध्यक्षले नव निर्वाचित संविधानसभाको पहिलो बैठक २०७० साल माघ ८ गते बस्ने गरी मिति निर्धारण गर्नु भयो । उक्त मितिमा संविधानसभाको पहिलो बैठक सम्पन्न भई संविधान निर्माणको प्रक्रिया औपचारिक रूपमा सम्पन्न भयो । यसबाट अधुरो रहेको शान्ति प्रक्रिया र संविधान निर्माणको प्रक्रिया कसरी सम्पन्न होला भन्ने सम्बन्धमा रहेको आशङ्का समाप्त भई नेपाली जनतामा नयाँ आशाको सञ्चार भएको छ ।

## नयाँ संविधानसभाले तय गरेको संविधान निर्माणको कार्यविधि

नयाँ संविधानसभाले कार्यप्रारम्भ गर्नासाथ संविधानसभा नियमावलीको मस्यौदा निर्माण गर्नको लागि नियमावली मस्यौदा समितिको गठन भयो । उक्त मस्यौदा समितिले करिब एक महिनाको अनवरत मेहनत पछि विगतको संविधानसभाले

तयार गरेका संविधान निर्माणसंग सम्बन्धित अभिलेखमा आधारित भएर कार्यप्रारम्भ गर्ने गरी संविधानसभाको कार्यविधि र सो को लागि आवश्यक पर्ने चुस्त आन्तरिक संरचना प्रस्ताव गरिएको संविधानसभा नियमावली, २०७० को मस्यौदा तयार गरी संविधानसभामा प्रस्तुत गर्‍यो । संविधानसभाको मिति २०७०।१२।६ को बैठकबाट पारित उक्त नियमावलीका मुख्य विशेषताहरू देहाय बमोजिम रहेका छन् ।

- २०६५ सालदेखि प्रारम्भ नयाँ संविधान निर्माणको प्रक्रियालाई निरन्तरता दिने दृष्टिकोण नियमावलीले लिएको ।
- नयाँ संविधानसभाका समितिहरूले अवधारणा पत्र तयार नगर्ने, विगतको संविधानसभाका समितिले तयार गरेका प्रतिवेदनमा आधारित रहेर काम प्रारम्भ गर्ने ।
- जनसहभागिता र जनताको राय सुझावलाई केन्द्र विन्दुमा राखिएको । संविधानसभा बाहिर रहेका राजनीतिक शक्ति र समूहसँग समेत वार्ता गर्न संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको व्यवस्था गरिएको ।
- संविधान निर्माणमा सबै सदस्यको क्रियाशीलता र सहभागिता गराई छोटो समयमा धेरै काम सम्पन्न गर्न ५ वटा समितिको व्यवस्था गरिएको ।
- सहमतियुक्त कार्यशैलीमा विशेष जोड, सहमति हुन नसके संविधानसभाको निर्णय बमोजिम अघि बढ्ने स्पष्ट व्यवस्था ।
- आचरण विपरित ध्वंशात्मक व्यवहार गरी संविधानसभाको कुनै भौतिक हानी नोक्सानी पुर्‍याउने सदस्यबाट अध्यक्षले हानीको क्षतिपूर्ति भराउन सक्ने नयाँ व्यवस्था ।
- क्षमता अभिवृद्धि समितिमा सिमान्तकृत, पिछडिएका क्षेत्र, अल्पसंख्यक जाति, वर्ग, लिङ्ग र समुदायका विशिष्ट समस्या पहिचान र समाधानका लागि संविधानसभाका सदस्यहरूले आ-आफ्ना संसदीय दलसँगको समन्वय र सल्लाहमा पहल गर्न सक्ने ।
- उक्त पहलबाट निकालिएका साझा निष्कर्षलाई दलहरूले संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पेश गर्न सक्ने ।
- संविधानसभा र समितिहरूले विशेषज्ञ र सल्लाहकारको सहयोग लिन सक्ने व्यवस्था ।
- संविधानसभा र यसका समितिहरूले सम्पादन गर्ने कार्य, सो को समयसीमा र गतिविधिको कार्यतालिका बनाउनु पर्ने बाध्यात्मक व्यवस्था ।

## संविधानसभा नियमावली, २०७० ले व्यवस्था गरेका प्रमुख समितिहरू

- संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति (७३ सदस्यीय)
- संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समिति (७३ सदस्यीय)
- संविधान मस्यौदा समिति (७३ सदस्यीय)
- नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति (१९१ सदस्यीय)
- क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समिति (१९१ सदस्यीय)

## संविधानसभा नियमावली, २०७० ले तय गरेको संविधान निर्माणको मार्गचित्र

### संविधानको पहिलो मस्यौदा निर्माण

- संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले विगत संविधानसभामा भएका सहमति र असहमति निर्धारण गरी सभामा पेश गर्ने ।
- सभाले असहमतिका विषय संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा र सहमति भएका विषय संविधान मस्यौदा समितिमा पठाउने ।
- संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले सहमति गरेका विषय सभामा पेश गरी सभाले दिने निर्देशन र सभाको निर्णय बमोजिम संविधान मस्यौदा समितिले पहिलो मस्यौदा तयार गर्ने ।

- संविधान मस्यौदा समितिले तयार गरी पेश गरेको पहिलो मस्यौदा सबै सदस्यलाई वितरण गरी सभामा सैद्धान्तिक छलफल गर्ने ।
- सभाबाट पहिलो मस्यौदा पारित गरी राजपत्रमा प्रकाशन गरिने ।

## पहिलो मस्यौदामा जनताको सुझाव सङ्कलन र विधेयक निर्माण

- संविधानसभाले पारित गरेको पहिलो मस्यौदा नेपाल राजपत्र तथा विभिन्न पत्रपत्रिकामा प्रकाशन गरेर जनताको सुझावको लागि व्यापक प्रचार-प्रसार गरिने ।
- नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले जिल्ला जिल्लामा गएर जनताको सुझाव सङ्कलन गर्ने कार्ययोजना बनाई स्वीकृतिको लागि संविधानसभामा पेश गर्ने ।
- जनताको सुझाव प्राप्त भएपछि यसको समितिले यसको प्रतिवेदन बनाई संविधानसभामा पेश गर्ने ।
- सभाले उक्त प्रतिवेदन बमोजिम मस्यौदा परिमार्जनको प्रस्ताव बनाउनको लागि संवैधानिक-राजनीतिक संवाद समितिमा पठाउने ।
- संवैधानिक-राजनीतिक संवाद समितिले बनाउने परिमार्जनको प्रस्ताव सभामा पेश गरी सभाको निर्णय बमोजिम संविधान मस्यौदा समितिमा पठाइने ।
- संविधान मस्यौदा समितिले मस्यौदामा परिमार्जन गरी विधेयक निर्माण गर्ने ।

## संविधानको विधेयकमा छलफल र पारित गर्ने प्रक्रिया

- अध्यक्षको अनुमति लिएर संविधान मस्यौदा समितिका सभापतिले संविधानको परिमार्जित विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्ने ।
- तीन दिन अगावै सबै सदस्यलाई परिमार्जित विधेयकको प्रति वितरण गरिने ।
- विधेयकको आधारभूत पक्षमाथि सभामा सामान्य छलफल हुने ।
- सामान्य छलफल समाप्त भएको मितिले ७ दिन सम्म सदस्यहरूबाट संशोधन पेश गर्नको लागि समय दिइने ।
- संशोधन सहित सभामा दफावार छलफल गर्ने र संविधानसभाको तत्काल कायम सम्पूर्ण सदस्य संख्याको दुईतिहाई सदस्य उपस्थित बैठकको दुईतिहाई बहुमतबाट संविधानको प्रत्येक धारा र प्रस्तावना पारित गर्ने ।
- पारित विधेयकको अन्तमा सबै सदस्यले हस्ताक्षर गरेपछि अध्यक्षबाट प्रमाणित हुने र त्यसले संविधानको रूप धारण गर्ने ।
- यसरी प्रमाणित भएको संविधान सभाले आयोजना गर्ने औपचारिक राष्ट्रिय समारोहमा राष्ट्रपतिले हस्ताक्षर गरी संविधान प्रारम्भ भएको घोषणा गर्ने ।

**संविधानसभाले मिति २०७०/१२/२१ मा पारित गरेको संविधान निर्माणको कार्यतालिकाको स्वरूप**

| गरिने काम | समय सीमा |
|---|---|
| संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले सहमति र असहमतिका विषय निर्क्यौल गरी संविधानसभामा प्रतिवेदन पेश गर्ने | २०७१ साल जेठको दोस्रो हप्तासम्म |
| सहमतिका विषय संविधान मस्यौदा समितिमा र असहमतिका विषय संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने | संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले प्रतिवेदन पेश गरेपछि निरन्तर |
| संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले विवदित विषयमा सहमति कायम गर्ने (अन्तिम समय सीमा) | २०७१ साल भाद्र तेस्रो हप्ता सम्म |
| संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले सहमति कायम गर्न नसकेका विषय संविधानसभामा पेश गरी निर्णय गर्ने | २०७१ साल भाद्र मसान्त सम्म |
| संविधानसभाबाट सहमति भएका विषयहरूमा संविधान मस्यौदा समितिले मस्यौदा गर्ने | निरन्तर |
| संविधानको पहिलो मस्यौदालाई अन्तिम रूप दिई जनताको राय प्रतिक्रियाको लागि नेपाल राजपत्रमा प्रकाशन गर्ने | २०७१ साल असोज मसान्त सम्म |
| नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले जनताको राय सुझाव सङ्कलन गर्ने कार्ययोजना बनाउने । | २०७१ साल असोज मसान्त सम्म |
| संविधानको पहिलो मस्यौदा माथि व्यापक सुनुवाई, गोष्ठि, अन्तर्क्रिया गराउने, जिल्ला भ्रमण गरी राय सुझाव सङ्कलन गर्ने | २०७१ साल कार्तिक मसान्त सम्म |
| जनताको राय सुझाव सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी सभामा पेश गर्ने र पूर्ण बैठकमा छलफल गर्ने | २०७१ साल मंसिर मसान्त सम्म |
| संविधानको पहिलो मस्यौदा जनताको राय बमोजिम परिमार्जन गरी संविधानको विधेयक सभामा पेश गर्ने, सैद्धान्तिक छलफल गर्ने, संशोधन पेश गर्ने, दफावार छलफल गर्ने र पारित गर्ने | २०७१ साल पौष मसान्त सम्म |
| पारित संविधानमा सदस्यले हस्ताक्षर, अध्यक्षले प्रमाणित र राष्ट्रपतिले हस्ताक्षर गरी प्रारम्भ भएको घोषणा गर्ने | २०७१ माघ ८ गते सम्म |

संविधानसभाको उक्त कार्यतालिका वमोजिम काम अघि बढन सकेको छैन र कार्यतालिका संशोधन गरिएको पनि छैन । माघ ८ गते संविधान प्रारम्भ भएको घोषणा गर्ने कार्यतालिका कायम रहेकै बखत संविधानसभामा बाधा विरोध र अवरोधका बीचबाटै सहमति कि प्रकृया भन्ने विवादका बीचबाट प्रकृया भन्दै सत्तारूढ गठबन्धनबाट प्रस्ताव निर्माण समिति गठन भयो भने एमाओवादी नेतृत्वको गठबन्धनले सो कार्यप्रति आपत्ति जनायो । उक्त समितिमा आफनो सहभागिता पनि जनाएन बरू सडक संघर्षको थालनी गरयो । आजसम्म पनि सहमति कि प्रकृयाको विवाद कायमै छ ।

सत्तारूढ गठबन्धन र एमाओवादी नेतृत्वको विपक्षी गठबन्धन दुबैको छुटटा छुटटै अझ परस्पर विरोधी नौ बुँदे प्रस्तावहरू सार्वजनिक भएका छन् । सहमतिको प्रयास पनि जारी छ तर दुबै पक्ष आफना अडानमा कायम रहदा सहमतिले मूर्त रूप धारण गर्न सकेको छैन ।

यसै बीच २०७२।१।१२ गतेका दिन गएको विनाशकारी भुकम्पको कारण संविधानसभाका सदस्य लगायत मुलुकका सम्पूर्ण संयन्त्र राहत, उद्धार र पुनर्स्थापनामा लाग्नु परेको कारण संविधान निर्माणको कार्य अझ पर धकेलिने देखिन्छ । तर यस राष्ट्रिय विपत्तिको सामना गर्न दलहरू एकजुट भए जस्तै गरी संविधान निर्माणमा सहमति हुन बाँकी विषयहरूमा पनि दलहरू बीच व्यापक राष्ट्रिय सहमति हुने वातावरण बन्दै गएको छ ।

## संविधान निर्माणमा जनसहभागिता र संविधानको मस्यौदामाथि जनताको सुझाव सङ्कलन गर्ने विधि

संविधानसभा नियमावली, २०७० ले संविधान निर्माण प्रक्रियामा आम जनताको सहभागितालाई निकै महत्व दिएको देखिन्छ । संविधान निर्माणमा सार्वजनिक परामर्शको प्रक्रिया हालैका दिनहरूमा एउटा अभिन्न अङ्ग जस्तै भएको छ । यो एउटा यस्तो महत्वपूर्ण अवसर हो जसले समाजमा विद्यमान विभिन्न मूल्य, मान्यता र उद्देश्यहरूलाई समझदारीमा ल्याई सामुहिक पहिचान बनाउन तथा व्यापक विविधता र भिन्नतालाई सहमतिमा पुऱ्याई राष्ट्रिय सहमति निर्माण गर्न मद्दत पुऱ्याउँछ । यस्ता प्रक्रियाबाट आम नागरिकले संविधानका बारेमा आफ्नो कुरा राख्न पाएकोमा गर्व मात्र गर्दैनन् अपितु यसले संविधानको स्वामित्व ग्रहण गर्न समेत सहायक भूमिका निर्वाह गर्नमा मद्दत पुऱ्याउनेछ ।

जनताको सहभागिता बिनाको संविधानमा जनताको स्वामित्व कायम हुन नसक्ने यथार्थतालाई संविधानसभाले राम्रोसँग आत्मसात गरेको छ । संविधानको पहिलो मस्यौदा तयार भई सभामा सैद्धान्तिक छलफल भएपछि संविधान मस्यौदा समितिका सभापतिले पहिलो मस्यौदाको प्रचार-प्रसार गर्न, सुझाव सङ्कलन गर्न र सो बारे प्रतिवेदन समेत बुझाउन समयावधि तोकी संविधानको मस्यौदा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिलाई जिम्मा दिइयोस् भन्ने प्रस्ताव सभामा राख्ने र सभाले पारित गर्ने व्यवस्था गरेको छ ।  उक्त प्रस्ताव पारित भएपछि नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको सभापतिले सो विधेयकको मस्यौदा प्रचार-प्रसार र सोबारे सुझाव सङ्कलन गर्ने सम्बन्धमा कार्य योजना तयार पारी स्वीकृतिका लागि सभासमक्ष प्रस्तुत गर्नु पर्नेछ । उक्त कार्ययोजना सभाबाट पारित भएपछि सार्वजनिक पत्रपत्रिकामा प्रकाशन हुनेछ । सो कार्ययोजनामा निर्धारित समयभित्र सबै जिल्लामा जनमत सङ्कलन गर्ने, गोष्ठि अन्तरक्रिया गर्ने काम सम्पन्न गरी जनताबाट प्राप्त सुझाव समेटी समितिले प्रतिवेदन तयार गरी सभामा प्रस्तुत गर्नेछ । संविधानसभाले सो प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्देशन सहित संविधानको विधेयकको पहिलो मस्यौदा परिमार्जन गर्न सम्बन्धित समितिमा पठाउनेछ । त्यसरी पठाउदा संविधानको विधेयकको पहिलो मस्यौदा, जनताको प्रतिक्रिया सम्बन्धी प्रतिवेदन र सभाको निर्देशन लगायतका सम्पूर्ण कागजात सहितको विवरण संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाउनु पर्ने व्यवस्था गरेको छ ।

## नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले जनताको सुझाव सङ्कलन गर्दा अपनाउने कार्यविधि

संविधानको पहिलो मस्यौदा तयार भईरहदा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले जनताको सुझाव सङ्कलन गर्ने कार्ययोजना बनाउन प्रारम्भ गर्नेछ । संविधानसभाले पारित गरेको कार्यतालिका बमोजिम संविधानको पहिलो मस्यौदा लाई अन्तिम रूप दिई जनताको राय प्रतिक्रियाको लागि नेपाल राजपत्रमा प्रकाशन गर्ने  र नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले संविधानको पहिलो मस्यौदा माथि जनताको राय सुझाव लिने अन्तिम समय सीमा तोकी कार्ययोजना तयार गर्ने काम २०७० आसोज मसान्त सम्म सम्पन्न गर्ने गरी समयसीमा तोकेको थियो । संविधानको पहिलो मस्यौदा माथि व्यापक सुनुवाई, गोष्ठि, अन्तर्क्रिया गराउने, जुनसुकै माध्यमबाट आएका सुझाव सङ्कलन गर्ने र मा० सदस्यहरू आ- आफ्नो जिल्ला, क्षेत्र र मुलुकका विभिन्न भागमा जाने र जनताका राय सुझाव लिने कार्यको लागि २०७० कार्तिक महिना तोकिएको छ । जनताको सुझाव सम्बन्धी प्रतिवेदन तयार गर्न समितिले २०७० साल मंसिरको १५ गते सम्म समय पाउन सक्ने कार्यतालिकामा व्यवस्था गरेको थियो ।

संविधानसभाबाट संविधानको मस्यौदामाथि जनताको सुझाव सङ्कलन गर्ने कार्यका मूलतः तीन चरण हुन सक्छन् । प्रारम्भिक चरणमा सुझाव सङ्कलन, विश्लेषणको विधि, तरिका, कार्यतालिका निर्माण गर्ने, अनुगमन गर्ने लगायतका सबै कार्यको सूक्ष्म कार्ययोजना बनाउने काम गर्नु पर्छ । साथै यो चरणमा मानवीय, वित्तीय र भौतिक श्रोतको पहिचान र बन्दोबस्त पनि गर्नुपर्ने हुन्छ । मस्यौदा संविधान उपर पर्याप्त नागरिक शिक्षाको व्यवस्था मिलाउन पनि उत्तिकै जरूरी छ ।

दोस्रो मूलतः सुझाव सङ्कलनको चरण हुनेछ । यस चरणमा विभिन्न क्षेत्र, वर्ग, समुदाय, लिङ्ग लगायत भौगोलिक विविधता, ग्रामीण एवं शहरी परिवेश, सुगम एवं दुर्गम क्षेत्र, साक्षर एवं निरक्षर सबै खाले जनतालाई समेटी संविधानको मस्यौदा उपर सुझाव सङ्कलन गरिनेछ ।

सुझाव सङ्कलनको अन्तिम चरणमा जनताद्वारा प्राप्त सुझावलाई व्यवस्थित भण्डारण, प्रशोधन र विश्लेषण गरी सुझाव प्रतिवेदन तयार गर्ने कार्य गरिनेछ । सुझाव प्रतिवेदन संविधानसभामा पेश गर्ने, प्राप्त दस्तावेज र विश्लेषणको निचोडको वैज्ञानिक अभिलेख राख्ने कार्य समेत समितिको तर्फबाट नै हुन आवश्यक छ ।

## नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको आन्तरिक एवं जिल्लास्तरीय संरचनाको आवश्यकता

संविधानसभाले संविधानको पहिलो मस्यौदा पारित गरी प्रचार-प्रसार र सुझाव सङ्कलनको लागि समितिमा पठाएपछि समितिले संविधानको मस्यौदा छपाइ गर्ने, प्रचार-प्रसार गर्ने, मस्यौदा वितरण तथा जिल्लामा ढुवानी गर्ने, इमेल, इन्टरनेट, हुलाक, टेलिफोन मार्फत आएका तथा विदेश स्थित नेपाली नियोगबाट प्राप्त सुझाव ग्रहण गर्ने र अभिलेखीकरण गर्ने, माननीय सदस्यहरूले जिल्लाबाट पठाएका, ल्याएका सुझाव ग्रहण र अभिलेखीकरण गर्ने, सबै अभिलेखलाई एकीकरण गरी समितिको प्रतिवेदन तयारी गर्नु पर्ने जस्ता विविध प्रकृतिका कैयौं कामहरू छोटो अवधिमा गर्नु पर्ने भएकोले समितिले सोही बमोजिमको आन्तरिक र जिल्लास्तरीय संरचना बनाई काम गर्न आवश्यक पर्ने देखिन्छ ।

जहाँ सम्म जिल्ला स्तरीय संयन्त्रको विषय छ, समितिले हरेक जिल्लामा समन्वय गर्न जिल्ला स्तरीय संयन्त्र गठन गर्ने, यस्तो संयन्त्र गठन गर्दा सकभर भइरहेकै कुनै समितिलाई जिम्मेवारी थप गर्ने र निश्चित अवधि सुझाव सङ्कलन गर्ने कुरामा नै केन्द्रित रहने गरी कार्ययोजना बनाउन सकेमा व्यावहारिक हुन सक्छ । जिल्ला स्तरीय संयन्त्रमा जिल्लामा अस्तित्वमा रहेका सबै राजनीतिक दलहरू तथा तिनका भगिनी संस्थालाई सहभागिता गराउन सकेमा राजनीतिक स्वामित्व कायम गर्न धेरै सहज हुनेछ । प्रत्येक जिल्लामा संविधानको पहिलो मस्यौदा आएपछि जिल्ला स्तरीय संयन्त्रले सबै गाविसमा लैजाने व्यवस्था र कार्ययोजना बनाउन सक्छ । जिल्लाका सम्बन्धित निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत विजयी माननीय सदस्यको संयोजकत्वमा जिल्लाका अन्य समानुपातिक तर्फका माननीय सदस्यको समानुपातिक रूपले सहभागी हुने निर्वाचन क्षेत्र स्तरीय सुझाव समिति पनि बनाउनु अपरीहार्य छ । उक्त निर्वाचन क्षेत्र स्तरीय सुझाव समितिले हरेक गाविस र नगरपालिकाका वडामा कम्तिमा एउटा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने गरी पूर्व निर्धारित योजना निर्माण गर्न जरूरी हुन्छ । सुझाव अभिलेख गर्न हरेक निर्वाचन क्षेत्र स्तरीय सुझाव समितिमा कर्मचारीहरूको पर्याप्त व्यवस्था गर्ने र हरेक निर्वाचन क्षेत्र स्तरीय सुझाव समितिले अलग-अलग प्रतिवेदन तयार गरी जिल्लास्तरीय संयन्त्रमार्फत नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिमा पठाउने एकरूपतापूर्ण कार्यविधि निश्चित गरेमा समितिलाई छिटो प्रतिवेदन तयार गर्न सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

## सहयोगी संस्थाहरू

संविधानसभा सचिवालय

INTERNATIONAL IDEA INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

UNDP

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederazium svizra

Embassy of Switzerland in Nepal

## विस्तृत जानकारीको लागि


**नेपाल कानून समाज**
बबरमहल, काठमाण्डौ, नेपाल
फोन: ४२६६७३५/४२२८४९७
फ्याक्स: ४२२८४९७, पो.ब.नं.: १३२११
इमेल: nls@wlink.com.np,
वेब-साइट: www.nepallawsociety.org


मितिः २०७२ जेष्ठ १ गते